म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३९ बिहीबार २१ भदौ २०८० ने. सं. ११४३ गुँलागा 7 September 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पात्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

घरेलु तथा कृषिउपज प्रदर्शनी

हेटौंडा, २० भदौ/जालपादेवी महिला उद्यमी केन्द्रको आयोजना तथा हेटौंडा उपमहानगरपालिकाको सहयोगमा हेटौंडामा घरेलु तथा कृषिउपज प्रदर्शनी गरिएको छ । प्रदर्शनी मंगलबार सञ्चालन भएको हो । जालपादेवी महिला उद्यमी केन्द्रकी अध्यक्ष गीता मैनालीको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाकी नगर प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यता रहेको थियो । प्रदर्शनीमा १७ स्टल राखिएको थियो ।

प्रदर्शनीमा अम्बा, ड्राइगन फ्रुटस, केरा, बाँसबाट बनेको सामान, हस्तकलालगायत विभिन्न सामानहरु राखिएको थियो । घरेलु तथा कृषिउपज प्रदशनीमा करिब चार सय ५० जनाले स्टलको भ्रमण गरेका थिए । रोयल पार्टी प्यालेसमा भएको प्रदर्शनीमा उद्यम तथा कृषि क्षेत्रमा योगदान पुऱ्याउने महिलाउद्यमी सरिता भट्टराईलाइ सम्मान गरिएको थियो ।

हेटौंडासहित बागमतीमा २० वटा विद्युतीय चार्जिङ स्टेसन सञ्चालनमा

साझाकुरा संवाददाता

हेटौंडा, २० भदौ/पछिल्ला दिनहरुमा विद्युतीय सवारी साधनप्रति आकर्षण बढ्दै गएपछि चार्जिङ स्टेसन निर्माण गर्ने क्रम बढेको छ । बागमती प्रदेशभित्र निर्माण गरिएका २० वटा विद्युतीय चार्जिङ स्टेशन सञ्चालनमा आएको छ ।

बागमती प्रदेशको मकवानपुरसहित चितवन, काठमाडौं, ललितपुर, भक्तपुर, धादिङ, नुवाकोट र सिन्धुलीमा निर्माण गरिएका २० वटा विद्युतीय चार्जिङ स्टेशनको बुधवार एकैपटक उद्घाटन गरिएको हो । नेपाल विद्युत प्राधिकरणले बागमती प्रदेशसहित देशका विभिन्न स्थानमा निर्माण गरेको ५१ वटा विद्युतीय सवारी साधनको अत्याधुनिक फास्ट चार्जिङ स्टेसनको एकै पटक उद्घाटन गरेको हो । जसमध्ये २० वटा विद्युतीय चार्जिङ स्टेशन बागमती प्रदेशभित्र रहेका छन् ।

प्राधिकरणले हेटौंडा-१५, रातोमाटेस्थित पूर्व-पश्चिम र जमार्गमा दुईवटा विद्युतीय चार्जिङ स्टेशन निर्माण गरेको छ । र तोमाटेको विद्युतीय चार्जिङ स्टेशन पनि सञ्चालन ल्याइएको छ । बागमती प्रदेशको चितवनस्थित मुरिलनमा १ वटा र पारस बसर्पाकमा २ वटा, धादिङको धार्केमा २ वटा, काठमाडौंको विभिन्न स्थानमा गरी ६ वटा, ललितपुरमा १ वटा, सिन्धुलीमा ३ वटा, भक्तपुरमा १ वटा र नुवाकोटमा २ वटा विद्युतीय चार्जिङ स्टेशन प्राधिकरणले निर्माण गरेको थियो ।

काठमाडौंको नेपाल पुलिस क्लब भृकुटीमण्डपमा स्थापना गरिएको फास्ट चार्जिङ स्टेसन बुधवार ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री शक्तिबहादुर बस्नेत र सचिव दिनेशकुमार घिमिरेले संयुक्त रुपमा उद्घाटन गरे । प्राधिकरणको लगानी र एसियाली विकास बैंकको सहुलियतपूर्ण ऋण तथा नर्वे सरकारको प्राविधिक सहयोगमा विद्युतीय सवारी चार्जिङ पूर्वाधार विकास आयोजना अन्तर्गत सात प्रदेशका मुख्य राजमार्ग, बसपार्क र ठूला सहरहरुमा ५१ वटा विद्युतीय सवारी साधन छिट्टो चार्ज गर्न मिल्ने चार्जिङ स्टेसन निर्माण गरिएको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिएका छन् ।

करिब ४० करोड रुपैयाँ लागतमा निर्माण गरिएका चार्जिङ स्टेसनमध्ये २६ वटामा ठूला बस, माइक्रो, ट्रक, पिकअप तथा कार र २५ वटामा साना र ठूला सवारीसाधनहरु चार्ज गर्न मिल्ने छन् । उद्घाटन कार्यक्रममा मन्त्री बस्नेतले ५१ वटा चार्जिङ स्टेसन सञ्चालनमा आउनु विद्युतीय सवारी साधनको यात्रा हरित, स्वच्छ ऊर्जा खपतमार्फत कार्बन उत्सर्जन तथा जलवायु परिवर्तनका प्रभावहरु न्यूनीकरणमार्फत देशको दीगो विकासमा महत्वपूर्ण पाइला भएको बताए । विद्युतीय सवारी साधनको प्रवर्द्धन नीतिगत तथा कानुनी व्यवस्थाका लागि सरकारले काम गरिरहेको उल्लेख गर्दै मन्त्री बस्नेतले विद्युतीय गाडी नेपालमै उत्पादन गर्नका लागि लगानीकर्तालाई आकर्षित गर्ने कार्य भइरहेको बताए ।

आन्तरिक रुपमा विद्युत खपत बढाउने महत्वपूर्ण क्षेत्र यातायात भएको उल्लेख गर्दै ऊर्जा सचिव घिमिरेले विद्युतीय सवारी साधनको प्रयोगले प्रतिव्यक्ति ऊर्जा खपत बढाउन सहयोग पुग्ने बताए । प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले विद्युतीय सवारी साधानको प्रयोगलाई प्रवर्द्धन गर्न चार्जिङ स्टेसन स्थापना गरिएको बताए । विद्युतीय सवारी साधन पेट्रोलियमपदार्थबाट चल्नेभन्दा २० गुणा सस्तो पर्ने उल्लेख गर्दै घिसिङले यसबाट नेपालको वैदेशिक मुद्रा सञ्चितिमा पनि सकारात्मक योगदान पुग्ने बताए । घिसिङले प्राधिकरणले देशभर थप ५ सय वटा चार्जिङ स्टेसन स्थापना गर्न लागेको समेत जानकारी दिए ।

एसियाली विकास बैंकका दक्षिण एसिया उर्जा महाशाखा प्रमुख सुजाता गुप्ताले कार्बन उत्सर्जन घटाउने यातायात महत्वपूर्ण क्षेत्र भएकाले विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्ने पूर्वाधार निर्माण गर्नु पर्नेमा जोड दिइन् । चार्ज गर्दा कारहरुमा औसत ७० पैसा, एसयूभीहरुमा ८० पैसा, माइक्रोबसमा ९० पैसा र बसहरुमा एक रुपैयाँ २० पैसा प्रतिकिलोमिटर खर्च लाग्ने छ । नेपालमा उपलब्ध सवारी साधनहरुमा रहेको ब्याट्रीका क्षमता अनुसार कम्तिमा आधा घण्टादेखि १ घण्टासम्ममा चार्ज पूर्ण हुनसक्छन् ।

आन्तरिक रुपमा विद्युतको खपत बढाउन, पेट्रोलियमपदार्थको खपत न्यूनीकरण गरी आयात घटाउन र विद्युतीय सवारी साधन प्रयोगमार्फत् वातावरणमैत्री यातायात प्रणालीको विकासका लागि चार्जिङ स्टेसन स्थापना गरिएको हो । हरेक चार्जिङ स्टेसनमा १४२ किलोवाट क्षमताको चार्जर, त्यसमा विद्युत आपूर्तिका लागि ५० केभीएको ट्रान्सफर्मर, अनलाइन बिलिङ प्रणालीको जडान गरिएको छ । चार्जिङ स्टेसनमा छिटो चार्ज गर्न मिल्ने ६०/६० किलोवाटका डिसी फास्ट चार्जर र २२ किलोवाटका एसी चार्जरहरु राखिएका छन् । यसबाट ठूला बससहित तीनवटा सवारी साधनले एकसाथ चार्ज गर्न सकिने छ ।

चार्जिङ स्टेसन निर्माण आपूर्ति, जडान, परीक्षण, सञ्चालन र मर्मतसम्भारका लागि वाङवाङ डिजिटल इनर्जी कर्पोरेसन लिमिटेड, जियाङ्सु, चीनर्सग ३७ करोड ७९ लाख ५५ हजार रुपैयाँमा (करबाहेक) ठेक्का सम्झौता भएको थियो । सञ्चालनमा आएको ५ वर्षसम्म चार्जिङ स्टेसनको मर्मतसम्भार ठेकेदार कम्पनीले नै गर्नेछ । ३ सयभन्दा बढी चार्जरलाई सेवा दिन सक्ने गरी प्राधिकरणको डाटा सेन्टरमा चार्जिङ स्टेसनको सफ्टवेयर राखिने छ । ५१ वटै स्टेसनको कन्ट्रोल काठमाडौंबाट हुनेछ ।

'फिचर सङ्गालो' पुस्तक विमोचन

साझाकुरा संवाददाता

हेटौंडा, २० भदौ/नेपाल पत्रकार महासंघ मकवानपुर शाखाले प्रकाशन गरेको 'फिचर सङ्गालो' पुस्तक बुधबार महासंघको सभाहलमा विमोचन गरिएको छ । नेपाल पत्रकार महासंघका अध्यक्ष बिपुल पोखेल, प्रदेश अध्यक्ष शिव देवकोटालगायतले पुस्तक विमोचन गरेका हुन् ।

महासंघ मकवानपुर शाखाके आयोजनामा पुस्तक बिमोचन तथा मनहरी गाउँपालिकाद्वारा प्रदान गरिएको सामग्री हस्तान्तरण कार्यक्रमका अवसरमा बोल्दै महासंघका अध्यक्ष पोखेलले फिचर लेखन, खोज समाचार लेखन गर्नेहरुले काम गरेर पारिश्रमिक पाइन भन्ने समस्या नहुने बताए । उनले पत्रकार महासंघको सदस्यता सुदीकरण अभियान निरन्तर चलिरहने बताए ।

महासंघले वार्षिकरुपमा आयोजना गरेको फिचर समाचार लेखन प्रतियोगितामा प्राप्त समाचार लाई फिचर सङ्गालो पुस्तकका रुपमा प्रकाशन गरिएको हो । फिचर सङ्गालोमा २०८० सालमा सर्वोत्कृष्ट र उत्कृष्ट हुन सफल फिचर समाचार र २०७९ सालमा प्रथम, द्वितीय र उत्कृष्ट हुन सफल फिचर समाचारलाई पुस्तकमा समेटिएको छ । फिचर सङ्गालोमा २२ वटा फिचर समाचारहरु रहेका छन् ।

खण्ड क र ख गरी दुई भागमा विभाजन गरिएको फिचर सङ्गालो २०० पृष्ठको छ । खण्ड 'क' को फिचरलेखन प्रतियोगिताका निर्णायकहरु बागमती प्रदेश संचार रजिष्ट्रार रेवती सापकोटा, पत्रकार महासंघ बागमती प्रदेश समितिका संस्थापक अध्यक्ष प्रताप बिष्ट र महासंघ बागमती प्रदेश उपाध्यक्ष सम्झना कार्की रहेका छन् । तयस्तै दोस्रो खण्ड 'ख' को निर्णायकहरुमा पत्रकार महासंघ मकवानपुरका पूर्वअध्यक्ष भानुभक्त आचार्य, र ममणि दाहाल र अग्रज संचारकर्मी रामकुमार एलन रहेका छन् ।

कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सुनिल खड्का, महासंघ बागमती प्रदेश अध्यक्ष शिव देवकोटा, मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालखेती, हेटौंडा उपमहानगरपालिका प्रवक्ता एवम् वडा नं. १ का वडाध्यक्ष सविन न्यौपाने, वडा नं. ४ का वडाध्यक्ष नवीन सिग्देल, महासंघ मकवानपुरका पूर्व अध्यक्षहरु भानुभक्त आचार्य, राममणि दाहाल, हरि हुमागाई लगायतकाको आतिथ्यता रहेको थियो ।

कार्यक्रममा मकवानपुरको मनहरी गाउँपालिकाले नेपाल पत्रकार महासंघ मकवानपुर जिल्ला शाखालाई प्रोजेक्टर र १०० थान प्रेस ज्याकेट हस्तान्तरण गरेको छ । फिचर सङ्गालो पुस्तक विमोचन तथा सामग्री हस्तान्तरण कार्यक्रम महासंघ जिल्ला अध्यक्ष मणिराज गौतमको सभाध्यक्षतामा भएको थियो ।

हेटौंडाकी माओवादी नेतृ पाण्डे एमाले प्रवेश

साझाकुरा संवाददाता

हेटौंडा, २० भदौ/नेकपा माओवादी केन्द्र निकट अनेमसंघ (क्रान्तिकारी)की हेटौंडा उपमहानगर अध्यक्ष तथा माओवादी पार्टी मकवानपुरको जिल्ला सचिवालय सदस्य नमुना पाण्डे एमालेमा प्रवेश गरेकी छन् ।

बुधबारबाट औपचारि करुपमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पाटीमा स्वागत गरेका हुन् । एमालेका केन्द्रीय तथा मकवानपुरका नेतासँगको भेटघाटका क्रममा पाण्डेले पार्टी प्रवेश गरेको बताइएको छ । यसैगरी नेकपा एमाले मनहरी गाउँपालिका सचिवालय सदस्य चतुराम मोक्तान तथा एमाले

मनहरी गाउँपालिका-२ का उपसचिव रविन्द्रबहादुर डिम्डुडले आफूहरुलाई झुक्याएर कांग्रेस प्रवेश गराईएको भन्दै आपत्ती प्रकट गरेका छन् । एमाले मकवानपुर पार्टी कार्यालय पुगेर उनीहरुले विद्यालयको विषयमा छलफलको लागि बोलाएर एक्कासी खाद्दा लगाउँदै पार्टी प्रवेश गरेको भन्ने हल्ला गरेको दुबैजनाको आरोप छ ।

प्रदेशसभा सांसद इन्द्र बहादुर बानियाँले सांसद विकास कोषमार्फत् सीता माध्यमिक विद्यालयलाई सहयोग गर्ने गरी छलफल गर्न भनेर आफूहरुलाई बोलाएको र झुक्याएर पार्टी प्रवेशको हल्ला फिँजाइएको भन्दै दुबैजनाले आपत्ती जनाएका हुन् । दुबैजनाले संयुक्त विज्ञप्ती जारी गर्दै आफूहरु एमालेको अभियानमै रहेको र कांग्रेस प्रवेशको हल्ला निराधार रहेको बताएका छन् ।

मानव बेचबिखन तथा ओसारपसारविरुद्ध सचेतना

साझाकुरा संवाददाता

हेटौंडा, २० भदौ/मानवबेचबिखन तथा ओसारपसार विरुद्धको १७ औं राष्ट्रिय दिवस हेटौंडामा पनि मनाइएको छ । 'मानव बेचबिखनमुक्त समाज, हाम्रो प्रतिबद्धता: सबैको प्रयास र ऐक्यबद्धता' भन्ने नाराका साथ बुधबार विभिन्न संघसस्थाले सचेतनामूलक कार्यक्रम गरी दिवस मनाएका हुन् ।

माइती नेपाल, साना हातहरु, हिमराइट्स, हेटौंडा उपमहानगरपालिका-११ को कार्यालय, सामाजिक विकास मन्त्रालय बागमती प्रदेशलगायतको आयोजनामा हेटौंडा-११ थानाभञ्ज्याङमा सचेतना कार्यक्रम गरिएको हो । कार्यक्रममा माइती नेपाल मकवानपुर संयोजक माया लामाले पछिल्लो समय चेलीबेटी बेचबिखन र मानवतस्करीको स्वरुप बदलिएको बताइन् । लामाले पहिले भारतका विभिन्न स्थानसम्म चेलीबेटी बेचिने गरेको भएपनि हालको समयमा नेपालकै सहरमा चेलीबेटी बेचिन बाध्य भैरहेको बताइन् । बेचबिखनविरुद्ध सरकारले सुक्ष्मढंगले अनुगमन र अनुसन्धान गर्न जरुरी रहेको संयोजक लामाले बताइन् ।

कार्यक्रममा जनचेतना मूलक सामग्री प्रदर्शन गरिएको थियो भने नेपालमा चेलीबेटी कसरी बेचिन्छन ? अवस्था कस्तो छ ? भन्नेबारे जानकारी दिइएको थियो । हेटौंडा उपमहानगरपालिका-११ कि वडाध्यक्ष जुना दाहाल, सामुदायिक सेवा केन्द्रका अध्यक्ष देवकुमार श्रेष्ठ, माइती नेपालकी संयोजन लामा, हिमराइट्स मकवानपुरकी संयोजक कुमारी वाइबा, साना हातहरु नेपालका डिकम्बर रुपाचालगायतको उपस्थिति रहेको थियो ।

सन् २००२ मा काठमाडौंमा भएको दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन सार्कको ११ औं शिखर सम्मेलनले महिला तथा बालबालिका बेचबिखनविरुद्धको सार्क महासन्धिलाई २०६३ साल भदौ २० गते तत्कालीन प्रतिनिधिसभाबाट अनुमोदन गरेको दिनको सम्झनामा दिवस मनाउने गरिएको हो । प्रविधिको विकासर्सगै मानवबेचबिखन तथा ओसारपसारको प्रकृति र स्वरुपमा पनि परिवर्तन आएको छ । विगतमा भारतका प्रमुख सहर हुँदै तेस्रो देश लगेर मानवबेचबिखन हुने गरेकोमा अहिले नयाँनयाँ बाटो र गन्तव्यमार्फत् बेचबिखन हुने गरेको पाइएको छ ।

शिक्षक संगठनको विस्तारित बैठक तथा अन्तरक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, २० भदौ/नेकपा (माओवादी केन्द्र) निकट एकीकृत अखिल नेपाल शिक्षक संगठन मकवानपुरको विस्तारित जिल्ला बैठक तथा अन्तरक्रिया कार्यक्रम हेटौंडामा सम्पन्न भएको छ ।

नेकपा (माओवादी केन्द्र) बागमती प्रदेश उपाध्यक्ष एवं बागमती प्रदेश सांसद प्रेमबहादुर पुलामीको प्रमुख आतिथ्य तथा एकीकृत अखिल नेपाल शिक्षक संगठन मकवानपुरका अध्यक्ष बसन्त राईको अध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा नेकपा (माओवादी केन्द्र) मकवानपुरका संयोजक सर्केश घलान, बागमती प्रदेश सल्लाहकार ऋषिराम पोखरेल, शिक्षक महासंघका केन्द्रीय उपमहासचिव गुरुप्रसाद पौडेल, एकीकृत अखिल नेपाल शिक्षक संगठनका केन्द्रीय सचिवालय सदस्य एवं मकवानपुर ईन्चार्ज शम्भुविक्रम लामा, केन्द्रीय परिषद सदस्य एवं राहत शिक्षक समिति बागमती प्रदेश अध्यक्ष जीवन तिमल्सिना, बागमती प्रदेश अर्थ उपमहासचिव खेमराज लामिछाने लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा एकीकृत अखिल नेपाल शिक्षक संगठनका मकवानपुर सहईन्चार्ज गोकुल लम्साल, केन्द्रीय परिषद् सदस्यहरु भोगेन्द्र लुईटेल, कमलकुमार लामा, कृष्ण खनाल र जंगबहादुर लामालगायतको आतिथ्य रहेको थियो । मकवानपुरका एकीकृत अखिल नेपाल शिक्षक संगठनका पालिका अध्यक्षहरुले रिपोर्टिङ गरेका थिए । एकीकृत अखिल नेपाल शिक्षक संगठन मकवानपुर की सचिव कमला आचार्यले स्वागत मन्तव्य व्यक्त गरेको कार्यक्रम कोषाध्यक्ष एकराज गौतमले संचालन गरेका थिए ।



साझाकुरा

हाम्रो कुरा

खानेपानीको दीर्घकालीन स्रोतसँगै गुणस्तर खोजौं

हेटौंडा बजारको ईतिहास धेरै पुरानो छैन । ७० वर्षअघिसम्म हेटौंडामा खानेपानीको व्यवस्थित धारा उपलब्ध थिएन । २०११ सालपछि मात्र हेटौंडामा बस्ती बढ्ने क्रम सुरु भएको हो । हेटौंडाको स्थापनाकालताका चौकीटोलको तिर्तिरे धाराबाट पाइपलाइनमा पानी ल्याएर पिपलबोटमा धारा राखिएको थियो । यही धारामा बटुवा र स्थानीयले पानी खाने गरेका थिए । हेटौंडा खानेपानीको समस्यामुक्त सहरको रुपमा परिचित छ । हेटौंडामा आगामी वर्षमा पनि अभाव खट्किन नदिन खानेपानीको दीर्घकालीन स्रोत खोजी थालिएको छ । हेटौंडामा प्रदेश राजधानी भएपछि जनसंख्या बढ्दो छ । नगरपालिकाबाट उपमहानगरपालिका भएपछि थपिएका साविकका वडाहरुमा पनि पानीको उपलब्धता गराउनुपर्नेमा उपमहानगर छ । तसर्थ, बढ्दो सहरीकरण र जनघनत्व, साविकको वडाहरुमा पानीको उपलब्धतालाई ध्यानमा राखेर खानेपानीको दीर्घकालीन स्रोतको खोजी गर्न लागिएको उपमहानगरले जानकारी दिएको छ ।

बढ्दो जनसंख्या, साविकको क्षेत्र बढाउन र स्रोतको अभावलाई सुनिश्चितता गर्न दीर्घकालीन रुपमा पानीको अभाव न्यूनीकरण गर्नका लागि एकीकृत खानेपानी तथा सरसफाई एवम् व्यवस्थापन आयोजनाअन्तर्गत् छलफल गरिएको हो । खानेपानी डिजाइन विज्ञहरु, समाजशास्त्री, खानेपानी व्यवस्थापन बोर्डसहित हेटौंडाका नगर प्रमुख, उपप्रमुख, वडाध्यक्षलगायतका जनप्रतिनिधि र उपमहानगरकै योजना शाखाका प्राविधिकहरु सहभागी बैठकले तीनवटा विकल्पमा छलफल गरेको बताइएको छ । हेटौंडा उपमहानगर नगरक्षेत्रको पानी वितरण गुरुयोजना बनाउन तीनवटा विकल्प पान्द्राङ मुहान, कुलेखानी तेस्रो टेलरेष्ट र राप्ती नदीको लालझाडी बोकेदह लिफ्टिङ आयोजनाको सम्भाव्यता अध्ययन गर्ने निर्णय भएको नगरपालिकाका प्रवक्ता सबिन न्यौपानेले जानकारी दिएका छन् । पान्द्राङ मुहान, कुलेखानी तेस्रो टेलरेष्ट र राप्ती नदीको लालझाडी बोकेदह लिफ्टिङ आयोजनाबाट दीर्घकालीन रुपमा पनि समस्या नहुने गरी पानी ल्याउन सम्भाव्यता अध्ययन गरिने भएको हो । पहिलो चरणमा अध्ययनपश्चात् हेटौंडा खानेपानी व्यवस्थापन बोर्डसँग छलफल गरी प्राथमिकताका आधारमा विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गर्ने र हेटौंडा उपमहानगर पालिकाको पानी वितरण प्रणाली नक्सांकन आवश्यकताका आधारमा अन्य क्षेत्रमासमेत अध्ययन गर्ने निर्णय भएको छ ।

हाल हेटौंडामा पुरानै बुङ्दल खानेपानी र अन्य डीप बोरिङबाट पानीको उपलब्धता भइरहेको छ । बढ्दो जनसंख्या र क्षेत्रफलअनुसार उपमहानगरअन्तर्गत्को खानेपानी व्यवस्थापन लिक्विड सक्षम बनाउँदै आवश्यक पानीको स्रोत उपलब्ध गराउन उपमहानगरपालिकाले छिमेकी पालिकाहरुसँग सहकार्य र समन्वय गर्न सक्रियतापूर्वक लागेको छ । पानीको स्रोतवृद्धिसँगै जनतालाई बोर्डमार्फत् निःशुल्क रुपमा पिउने पानी उपलब्ध गराउने पूर्वघोषित कार्यक्रममा उपमहानगर सक्रिय हुन सकारात्मक कुरा हो । बोर्डले उपमहानगरका वडा नम्बर ३, ११, १२ र १३ नम्बर वडा बाहेकमा बसोबास गर्ने एक लाख ५५ हजार नगरवासीलाई दैनिक एक करोड ८८ लाख लिटर पानी वितरण गर्दै आइरहेको छ । करिब २४ हजार धाराबाट दैनिक ३ देखि ७ घण्टा खानेपानी वितरण गर्दै आइरहेको बोर्डले जानकारी दिएको छ । उपभोक्तासँगको सहकार्यमा २६ लाख ४२ हजार ५ सय ४ बराबरको २२ किलोमिटर पाइप लाइन विस्तार गरेको बताइएको छ । हेटौंडामा खानेपानी अभाव हुन नदिन बोर्डले पर्याप्त काम गरेको उपभोक्ताको अनुभूति छ । खानेपानी उपलब्धताको पहुँच सहज बनेपछि आगामी दिनमा बोर्डले पानीको गुणस्तरमा ध्यान दिनु जरुरी छ । पानी उत्पादन र आपूर्तिमा सहज भएपछि बोर्डले गुणस्तर सुधारमा पहल गर्ने पर्छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

मक्वानपुर प्रहरी		एम्बुलेन्स सेवा	
प्रहरी कन्ट्रोल:	१००	नेपाल रेडक्रस:	५२०७१९, ९८५५०२८९५२
जिल्ला ट्राफिक:	५२०५१९	हेटौंडा अस्पताल:	५२०३०५
वडा प्रहरी:	५२०२९९	परिवार नियोजन संघ:	५२०७४५,९८४५१०४५००
पशुपतिनगर इलाका:	५२०५१८	मनहरी रेडक्रस:	९८४५१०५८२१
पालुङ इलाका:	६२०४६७	छतिवन रेडक्रस:	९८६१६२२३१९
मनहरी इलाका:	९८५५०९०१६१	भीमफेदी रेडक्रस:	६२०६९९
इलाका फापरबारी:	६२१९८०	पालुङ रेडक्रस:	९८१४२०७४०१
इलाका भीमफेदी:	६९१४६२	बज्रबाराही रेडक्रस:	९८४५३०२९८४
इलाका ठिंगन:	९८४५२९९३८१	सहकारी अस्पताल:	०५७-५२६८७, ९८४५१९१९१४
चौकीटोल चौकी	९७४२५१९५०१	बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
चित्लाङ चौकी:	६९२०००	बारुण यन्त्र:	१०१
चौघडा चौकी	९८४४०५४६०४	बाल हेल्पलाइन नेपाल:	१०९८
नेवारपानी चौकी:	९७५५०००२९९	माइती नेपाल:	५२१०५०
फाखेल चौकी:	९८४५०३१३९८	अपाङ बाल अस्पताल	९८४५२९६४४५
पदमपोखरी चौकी:	९८४५०९९७८९	सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक	

भोलिको पात्रो

भोलि वि.सं. २०८० भदौ २२ गते शुक्रबार ८ सेप्टेम्बर २०२३ । नवमी, भाद्र कृष्णपक्ष । गुँलागा ११४३ ने.सं. । सूर्योदय ५:४६, सूर्यास्त ६:१५ । निजामती सेवा दिवस । विश्व शिक्षा तथा साक्षरता दिवस । गुँगा नवमी ।

आजको राशिफल

मेष	: दाम्पत्य जीवन सुखद बन्नेछ	तुला	: अधिकार सुरक्षा गर्न जुटनुपर्नेछ
वृष	: आम्दानी राम्रो हुनेछ	वृश्चिक	: यात्रामा खर्च बढ्नेछ
मिथुन	: आतिथ्यपूर्ण सम्मान पाइनेछ	धनु	: मौकाको फाइदा लिन सकिनेछ
कर्कट	: प्रेमको बन्धन कसिन सक्नेछ	मकर	: शत्रु र रोगबाट छुटकारा मिल्नेछ
सिंह	: चुनौतीहरु देखा पर्न सक्नेछ	कुम्भ	: मुद्दा-मामिलामा विजयी भइनेछ
कन्या	: व्यवसायमा सामान्य फाइदा हुनेछ	मीन	: लगनशीलताले उपलब्धि दिलाउनेछ

श्रीकृष्ण अवतार, गीतादर्शन र मिथक

✍ रोहित दहाल

धार्मिक ग्रन्थहरूमा महत्त्वपूर्ण व्यक्तित्वका रूपमा चर्चा गरिने एक पात्र हुन्- श्री कृष्ण । विष्णुको आठौं अवतार भनेर व्याख्या गरिने कृष्णलाई धार्मिक ग्रन्थहरूले विष्णुको अवतार मानेर सम्भव असम्भव कथाहरू कथेको भए पनि वैज्ञानिक दृष्टिले हेर्दा उनी तत्कालीन सामाजिक परिवेशभित्रका एक धूर्त र चलाख मानिस थिए भन्न सकिन्छ । उनलाई बासुदेव र देवकीका आठौं सन्तान मानिएको छ ।

धार्मिक पुस्तकहरूले उनलाई अत्याचारी मामा कंशलाई मारेर तत्कालीन लोकको हित गरेको उल्लेख गरेका छन् । वैष्णव धर्मावलम्बीहरू बालकृष्णदेखि महाभार तकालसम्मका कृष्णलाई श्रद्धा गर्छन् । श्री कृष्ण प्रणामी धर्मावलम्बीहरू कंशवधसम्मका बालकृष्णलाई मात्र अक्षरातित अंश रहेको भनी पुज्छन् ।

कृष्ण अवतारको बाललीला असाध्यै काल्पनिक र एकदमै असम्भव कुरालाई जोडेर बनाइएको छ । कथामा कृष्ण गोकुल र वृन्दावनमा गोठालाहरूको सङ्गतमा हुर्किएको बताइएको छ । यशोदाका धर्मपुत्र जस्तै बनिरहेका कृष्ण सामन्तका छोराका रूपमा हुर्किए । गाउँका गन्तेमान्ते सामन्तका एक जना छोरा मान्छेले गोठालाहरू र आर्थिक रूपले साना वर्गका मानिसहरूसँग मित्रता गाँसिपछि सबैको नजरमा उनी प्रिय बन्नु स्वाभाविक थियो । एउटा गरिबको छोराले जे गरे पनि महत्त्व हुन्न तर राजा-महाराजाका छोराहरूका सानोभन्दा सानो कामलाई पनि बढाइचढाइ प्रशंसा गर्ने चलन नै छ । कृष्णको लोकप्रियता धेरै हदसम्म यस्तै खालको छ ।

विद्वान् लेखक गोपीरमण उपाध्यायले आफ्नो पुस्तक प्राकृतिक भौतिकवादमा लेख्नु भएअनुसार "कृष्ण बणिग गणका प्रभावशाली व्यक्ति थिए । यस गणमा मातृसत्ताको प्रभाव बाँकी नै रहेको थियो । त्यसैले गर्दा बहिनी देवकीको छोराले राज्यमा हक राख्न सक्ने अवस्था थियो । यही अवस्थालाई रोक्न कंशले बहिनी देवकीको कुनै सन्तान बाँच्न नदिएका हुन् ।"

कंशको हत्यापछि कृष्णले पूरै राज्यभरि र अन्य राज्यहरूमा समेत आफ्नो प्रभाव बढाउन सके । वास्तवमा उनी एक चलाख, बौद्धिक र धूर्त चरित्रका व्यक्ति थिए । उनले अत्यन्तै सानो उमेरमै ठूलो बौद्धिक ज्ञान हासिल गरेका थिए ।

कृष्णको समग्र जीवन कथा हेर्दा त्यसबेलाको उत्पादन पद्धति दासयुगको अवस्थाभित्र सामन्तवादको सुरुवात हुँदै गरेको परिस्थिति थियो भनी आँकलन गर्न सकिन्छ । किनकि महाभारत युद्धले कौरव र पाण्डवका बीचमा विभाजित साना साना विभिन्न गणराज्यमा रहेका गणहरूलाई समाप्त गरी ठूलो साम्राज्य खडा गऱ्यो । त्यही क्रममा सांस्कृतिक रूपमा बहुदेवीदेवताको पूजा गर्नुभन्दा एउटै परमब्रह्म वा ईश्वरको पूजा गर्नु उचित हुन्छ भन्ने धारणाको पनि विकास गरायो ।

कृष्णको कथा पढ्दा त्यहाँ गोवर्धन पर्वतको वरपर विकास भएको कृषिमा आधारित अर्थतन्त्र भएको समाजको व्याख्या पाइन्छ । गोपीरमण उपाध्यायको पुस्तक प्राकृतिक भौतिकवादका अनुसार कृष्णले वैदिक पशुपालनको अर्थतन्त्रलाई रूपान्तरण गरेर नयाँ कृषितन्त्र स्थापना गराएका हुन् । वास्तवमा त्यसबेलाको भक्ति र उपासनामा मात्र उभिएको प्रथालाई कृष्णले मोडेर कर्मप्रधान विचार स्थापित गर्न प्रयत्न गरेको देखिन्छ । तथापि कतिपय सन्दर्भमा भाग्यवादलाई मलजल पनि गरिएको छ । यसरी उत्पादन पद्धतिमा परिवर्तन गरे पछि स्वाभाविक रूपले उत्पादन सम्बन्ध पनि बदलियो र समाजमा उत्पादन वृद्धि र केही समृद्धि छायो । कृष्ण यस अर्थमा विशेष महत्त्वका व्यक्ति बनेका हुन् भन्न सकिन्छ ।

कृष्णको कथामा इन्द्रसँग मनमुटाव र झडप भएको घटना पनि भेटिन्छ । कथा अनुसार कृष्णले इन्द्रको हैन गोवर्धन पर्वतको पूजा गर्न सबैलाई मनाउन सफल भएपछि इन्द्रले रिसले घनघोर पानी र चट्याङ बर्साए । कृष्णले पनि कान्छि औंलाले गोवर्धन पर्वत उठाएर त्यसको छाता बनाएर सबैलाई सुरक्षित बनाई इन्द्रलाई तह लगाए भनिएको छ । पहिले नै उल्लेख गरिएको छ कि इन्द्र नाम नभएर पद हो ।

वैदिक कृषि र पशुपालनको अवस्थामा इन्द्रको पूजा गरिन्थ्यो । इन्द्रलाई पूजा गरे आकासे पानी पर्छ भन्ने जनविश्वास पनि थियो । कृष्णले गोवर्धन पर्वतलाई आधार मानेर कृषि र पशुपालनको अर्थतन्त्रमा परिवर्तन ल्याए । पुरानो उत्पादन प्रणालीलाई कायम राख्ने इन्द्र (इन्द्र पद धारण गरेका कोही सामन्त) र नयाँ उत्पादन प्रणाली कायम गर्ने कृष्णबीच द्वन्द भएको हो भनेर बुझ्नु पर्दछ । कृष्ण र इन्द्रबीचको झडप र मनमुटाव यही पुरातन उत्पादन प्रथा र नयाँ उत्पादन प्रथा बीचको मतभेद नै हो । केवल कथालाई महिमामण्डन गर्दै कृष्णले कान्छी औंलाले गोवर्धन पर्वत उठाएर इन्द्रलाई तह लगाएको कथा बुनिएको हो । गोवर्धन पर्वत नै त्यो परिवेशको उत्पादनको आधार हो भन्ने अडान लिएको कुरालाई प्रतीकात्मक रूपमा गोवर्धन पर्वत उचालेको प्रसङ्ग आएको हो भन्न सकिन्छ ।

महाभारत युद्धमा कृष्णको ठूलो भूमिका थियो । पाण्डवको पक्ष लिएकाले उनले सत्यको पक्ष लिए भनी मानिन्छ । तर राम्ररी विचार गर्दा पाण्डवको पक्ष सत्यकै पक्ष थियो भन्न सकिन्न । दुर्योधनलाई पाण्डवहरूले आफ्नो आश्चर्यलाग्दो दरबार (इन्द्रप्रस्थ) मा बोलाएर अपमानित गर्नु बिल्कुलै गलत थियो । पक्कै पनि त्यहाँ झुक्किएर दुर्योधन अलमलमा परेका थिए । त्यस्तो बेला द्रौपदीले 'अन्धाको पुत्र पनि अन्धै' भनेर होच्याउनु दुर्योधनको ठूलो अपमान हैन र ? यस्तै पारिवारिक कलहबाट द्वेश उत्पन्न भई पछि विभिन्न कारणहरू मिसिएर युद्ध भएको हो । कौरव पाण्डवबीचको लडाईं भनेको आफ्नो वंशमा राज्य पर्ने कि नपर्ने भन्ने कुराले थियो । पाण्डवहरू धृतराष्ट्रका सन्तान थिएनन् । पाण्डवका बाबुहरू विजातीय भएकाले धृतराष्ट्रले आफ्नै वंशमा सत्ता राख्न चाहन्थे । पाण्डवलाई पाण्डुपुत्र भने पनि तिनीहरू अरूहरूबाटै जन्मिएका सन्तान थिए । त्यसैले तिनीहरूको हातमा राज्यसत्ता जान नदिन धृतराष्ट्रले षडयन्त्र गरेका हुन् ।

त्यस्तै कर्णलाई पाण्डवहरूले अति अपमान गरेकैले उनी कौरवको पक्षमा लागे । कर्णलाई पाण्डवहरूले अछूतलाई जस्तै व्यवहार गरे, तर दुर्योधनले विशाल फदयकासाथ उनलाई मित्र बनाए । त्यसबेला अछूत झैं ठहऱ्याइएका कर्णलाई मित्र बनाउनु त्यसबेलाको धर्मअनुरूप असत्यको पक्षमा लागेको ठहरिन्थ्यो । अहिले हेर्दा दुर्योधनले कर्णलाई मित्र बनाउनु ठीक थियो र उनले सत्यको बाटो रोजेका थिए ।

जुवा खेल्ने प्रचलनलाई के कति आधारमा सही मान्ने ? जनताबाट उठाएको करमा राज गर्दै जुवा खेल्ने कौरव र पाण्डव दुवै असत्य र बदमासका पक्षधर नै हुन् । फेरि जनहितका लागि हैन केवल पारिवारिक झगडाका लागि हजारौं सेना र जनता मरराउन उक्साउने कृष्ण स्वयं कति सत्यवादी हुन् ? गम्भीर भएर बुझ्ने हो कि !

महाभारत युद्ध सकिएपछि कौरवहरूकी माता गान्धारीले वंशविनासको आवेगमा कृष्णलाई युद्धको मूल जिम्मेवार ठान्दै कृष्णका वंशहरू पनि यसैरी समाप्त हून् भनी श्राप दिएको प्रसङ्ग देखिन्छ । पछि संयोगवश कृष्णका वंशको पनि नाश भएर गयो । यसरी हेर्दा कौरवपाण्डव भाइहरूबीचको मतभेदमा खेल्दै महाभारत युद्धसम्मको अवस्थामा पुऱ्याउने मूल पात्र कृष्ण नै हुन भन्ने प्रष्ट देखिन्छ ।

दरबरिया झगडाका क्रममा कौरवहरूले निश्चितै रूपमा पाण्डवमाथि अत्याचार गरेका थिए । लाहाको घरमा राखेर जलाउने प्रयास, द्रौपदीको अपमान, जुवामा भेल आदि सबै कौरवहरूको बेइमानीका उदाहरणहरू थिए । तर जुवा खेल्न तम्तयार बनी सम्पूर्ण सम्पत्ति, भाइहरू र आफूलगायत सबै भाइहरूसमेतकी पत्नी बनेकी द्रौपदीलाई पनि खेलको दाउमा लगाउने युधिष्ठिरलाई के सभ्य र इमानदार मान्छे भन्न मिल्छ र ?

अर्जुनले सर्त जितेर विवाह गरी ल्याएकी पत्नी द्रौपदीलाई माता कुन्तीले झुक्किएर पाँचै भाइले बाँडेर लिन आदेश दिएकीले सो आदेश गलत भए पनि मान्नै पर्ने भन्ने चलन ठीक थिएन । त्यसलाई आज्ञाकारी छोराहरूको कर्तव्य भनेर आजको समयमा पनि बुझ्ने गल्ती गर्नु हुँदैन । महिलालाई वस्तुको रूपमा साझा ढङ्गले भोग गर्न मिल्ने घिनलाग्दो सामाजिक चलनको एक पाटो थियो त्यो । त्यति नराम्रो चलनलाई कायम राख्ने विवेक बोकेका कुन्ति र पाण्डव कुनै गतिलो विचारका मानिस थिएनन् । किनभने त्यो बेलाभन्दा धेरै अघि नै एकनिष्ठ विवाहको प्रथा केही ऋषिहरूले चलाइसकेका थिए । फेरि त्यो समाज मातृसत्तात्मक पनि थिएन भन्ने पुष्टि युधिष्ठिरले पुरुष अहम्ता प्रदर्शन गर्दै आफूखुसी द्रौपदीलाई जुवामा दाउ हालेबाट नै हुन्छ ।

त्यस्तै महिला भएका कारण पाँच जना पतिको सुख स्याहारेर बस्नुपर्ने द्रौपदीको पीडालाई असल गुण भन्नुपर्ने अनि ती पाँच जना पतिहरूले थप अरू पत्नीहरू राखेर विभेदपूर्ण कार्य गरेको पनि असलै देखिनुपर्ने किन ? युधिष्ठिर ले शिविदेशका राजा गावासनकी छोरी देविकासँग, भीमले काशीराजकी छोरी बलन्धरा र अरू तीन जनासँग, अर्जुनले उलुपी, चित्राङ्गना र सुभद्रासँग, नकुलले चेदु नरेशकी छोरी करेणुमतीसँग र शहदेवले मद्र नरेशकी छोरी विजयासँग विवाह गरे । पाँच पतिकी पतिव्रता पत्नी द्रौपदीमाथि पीडा दिएर बहुपत्नीसँग रमाउने पाण्डवहरूलाई आजको सन्दर्भमा पनि आदर्श व्यक्तित्वहरू भनेर मान्नु कतिको जायज होला ?

द्रौपदीले शिवको प्रार्थना गरी पाँचवटा गुण भएका श्रीमान् प्राप्त होस् भनेकी थिइन रे । पाँचवटै गुण एउटै लोग्ने मानिसमा नहुने भएकाले द्रौपदीले फरक फरक गुण भएका पाँचवटा पतिहरू प्राप्त गरेकी हुन् रे । अर्जुनले विवाह गरी ल्याएकी द्रौपदीलाई पाण्डव दाजुभाइ मिलेर साझा पत्नी बनाउने अनि साझा पत्नी हुनपर्नुका कारण भने द्रौपदी नै बन्नुपर्ने भन्ने कुराले के स्पष्ट हुन्छ भने धर्मग्रन्थ महिलालाई नै दोष थोपर्ने पक्षमा रहेका छन् ।

महाभारत कथामा द्रौपदीको कुमारित्व बारेमा कुरा चलेको पाइन्छ । द्रौपदीले हरेक भाइहरूसँग समागमको लागि एक एक वर्षको अवधि तोकी सँगैबस्ने गरी पालो मिलाएकी थिइन् । जसले गर्दा यौनका सवालमा भाइहरूबीच तनाव र मनमुटाव नभएको भनिन्छ । द्रौपदीले समागम भएपछि भोलिपल्ट नुहाउनासाथ उनको कुमारित्व पुनः कायम हुने वरदान भगवान् शिवबाट पाएकी थिइन् । कथा सुन्दा कति ठूलो लैङ्गिक विभेद सिर्जना गरिएको छ भन्ने स्पष्ट देखिन्छ ।

पाण्डवहरूले द्रौपदीबाहेक अरू थप पत्नीहरू राखे पनि उनीहरूको कुमारित्वको चर्चा हुनु नपर्ने भनाइ छ । अनि द्रौपदीको कुमारित्व भने हरेक पटकको समागममा गुम्नुपर्ने र त्यो कुमारित्व कायम राख्न शिव भगवानको बरदान नै चहिनुपर्ने रे । यसरी धर्मग्रन्थ नै महिलाप्रति विभेदकारी देखिएको देखिन्छ ।

यसैगरी कथाको एक प्रसङ्गमा युधिष्ठिर द्रोपदीसँग समागममा रहेको बेला एउटा कुकुर दौडैंदै युधिष्ठिर भएकै ठाउँमा पुग्छ । त्यो कुकुरलाई अर्जुनले लखेटेर गरेको हुँदा उनी कुकुरलाई पछ्याउँदै त्यहीं पुग्छन् । यो घटनाले युधिष्ठिरको समागम कार्यमा बाधा पुग्छ र रिसले चुरचुर भई युधिष्ठिरले अर्जुनलाई बनबासको सजाय दिन्छन् । द्रौपदीले पनि रिसले त्यो कुकुरलाई समागम गर्दा कुकुरका जातले पनि सार्वजनिक रूपमा समागम गर्नुपरोस् भनेर श्राप दिन्छिन् । त्यही भएर कुकुरका जोडीहरू सार्वजनिक ठाउँमै समागममा रहने गरेका हुन् भनिएको छ ।

कथाको यो प्रसङ्गले युधिष्ठिरको यौन आवेग र रिस कति कडा थियो भन्ने देखाउँछ । कामभावनामा नियन्त्रण गर्न नसक्ने मानिसलाई आदर्श ठान्नु धर्मग्रन्थ आफैंले मानिआएको मान्यताविरुद्ध देखिन्छ । त्यसै गरी कुकुरको यौन क्रियाकलापलाई द्रोपदीको श्रापसँग जोडुनु नितान्त काल्पनिक तर्क हो । आध्यत्मिक विश्लेषणहरू मनोगत धारणामा आधारित हुने हुँदा धर्मग्रन्थहरूमा यस्ता काल्पनिक तर्कहरूबाट घटनाहरूको व्याख्या गर्नै पर्ने प्रशस्त देखिन्छ ।

जुवा खेल्नु, जाँड रक्सी पिउनु खराब काम हुन् । त्यसमा संलग्न भएर हारेपछि अन्याय पऱ्यो भन्न त मिल्दै मिल्दैन । फेरि जुवामा भेल भएको भनेर पाण्डवहरूले लगाएको आरोप पनि त सत्य नहुन सक्छ । पाण्डवहरूको विजय भएपछि महाभारत युद्धको कथा पाण्डवहरूलाई ठीक हुनेगरी लेखिएको हुन सक्दैन र ? विद्वानहरू भन्छन् रामायणको सिर्जना भएभन्दा तभन्दा पहिलेको हो तर रचना भने धेरै पछि अर्थात् महाभारत पछि मात्र भएको हो । जसरी रामायण पनि पछि लेखियो त्यस्तै गरी गीता पनि महाभारत युद्धभन्दा धेरै पछि लेखिएको हो । यस अर्थमा इतिहास तोडमोड हुने सम्भावना रहने नै भयो । महाभारत युद्ध ई.पू. १४०० मा भएको मानिएको छ भने गीताको रचना ई.पू. ५०० देखि ३०० सम्मको समयमा भएको मानिन्छ । गीता महाभारत भन्दा धेरै पछि रचना भएको हो (गोपीरमण उपाध्याय, प्राकृतिक भौतिकवाद, पृ. २६३) । यसो भएको हुँदा कतिपय तथ्यहरूलाई आफ्नो अनुकूलतामा बदलिएको पनि त हुनसक्छ । एसजी सरदेसाईका अनुसार इस्वी संवतको प्रारम्भ र इ.सं. २५० को अवधिभित्र कुनै बेला गीता सङ्गहित भएको हुनुपर्छ । (मार्क्सवादी दृष्टिकोणमा भगवत् गीता ।)

महाभारतको एउटा ठूलो अंशमा कृष्णले अर्जुनलाई सुनाएको 'भगवद्गीता' महत्त्वपूर्ण छ । आफ्नै वान्धवसँग युद्ध लड्न नसकेका अर्जुनलाई युद्धको औचित्य देखाउँदै उनलाई युद्ध गर्न उपेरित गराउन कृष्णले सम्झाएको प्रसङ्ग नै 'गीता'को रूपमा लोकप्रिय छ । अर्जुनलाई सम्झाउने क्रममा कृष्णले सम्पत्तिवाद र सुख सयलवादको वकालत गरेका छन् । उनले भनेका छन् :

हतो वा प्राप्यसे स्वर्गं जित्वा वा भोक्ष्से महीम
नमाद्वत्तीष्ठ कौन्तेय युद्धाय कृत निश्चय :
(श्रीमद्भागवतगीता अध्याय २।३७)

अर्थात् युद्ध जित्यौ भने समस्त सुखभोग गर्न पाउँछौ । हार्यौ भने स्वर्गको सुख भोग गर्न पाउँछौ । यसरी कृष्णबाटै व्यक्तिवादी सुखसयल र आधुनिक सम्पत्तिवादी चिन्तनको विकास भएको भन्न सकिन्छ । हार्दा पनि जित्दा पनि सुखभोग पाउँछौ भनेर कृष्णले युद्ध जसरी पनि गर्नुपर्छ भनेर प्रोत्साहित गरेको समेत देखिन्छ ।

गीताको विषयमा महापण्डित राहुल साकृत्यायन लेख्नुहुन्छ "श्वेताश्वर उपनिषद् र गीताको विषयवस्तुमा एकदमै समानता रहेको पाइन्छ । गीताको रचनाकर्ताले श्वेताश्वर उपनिषद्कै विषयवस्तुलाई जस्ताको तस्तै प्रस्तुत गराएर त्यसलाई देवकी पुत्र कृष्णका नामबाट प्रचारित गराएको हुनुपर्छ ।" (दर्शन दिग्दर्शन)

'कर्मण्येवाधिकारस्ते मा फले कदाचनह' अर्थात् 'काम गर्ने तिम्रो अधिकार हो तर फलको आशा गर्नु हुँदैन ।'- यो गीताको मुख्य सार हो । फलको आशासहित गरिने कर्म स्वार्थमा आधारित हुने हुँदा यस्तो खाले कर्म नगर्न गीताले बताएको छ । यस अर्थमा यो भनाइ ठीकै छ । तर यस भनाइले श्रमजीवी वर्गमाथि मालिक वर्गको अन्यायपूर्ण शासनलाई थप बलियो बनाउने आधार तयार गऱ्यो । यो भनाइलाई श्रम गर्नु कर्तव्य हो र त्यसको उचित ज्याला लिने आशा भने कसैले गर्न हुँदैन भन्ने अर्थमा व्याख्या गर्ने हो भने श्रमजीवीहरूमाथि ठूलो शोषण हुने सङ्केत आजको समयमा पनि देखिन्छ । गीताको यो सारलाई शोषणको आधार बन्नबाट रोक्न सबैले सचेत हुनुपर्छ । सामन्तवादी युगका कृष्णले श्रम गर तर श्रमको फलको आशा नगर भनेका छन् भने साम्यवादी युगको व्याख्या गर्ने कार्ल मार्क्सले श्रमको उचित फल प्राप्त गर्न मालिक वर्गसँग लड्नुपर्ने तर्क गरेका छन् ।

गीतामा दुईवटा मार्गहरूलाई मानव जातिको अभीष्ट मानिएको छ- ज्ञानयोग र कर्मयोग । ज्ञानयोगले मूलतः ईश्वर सेवालाई जोड दिएको छ, जुन मानव मस्तिष्कलाई जड र मूढ पार्ने शिक्षा हो । कर्मयोगले फलको आशा नगरी कार्य गर्नुपर्ने कुरालाई जोड दिएको छ, जुन असल नियतले बुझ्ने हो भने राम्रो शिक्षा हो । गीतामै कृष्णद्वारा '...धर्मसंस्थापनार्थाय सम्भवामी युगे युगे..ह' भनी आफ्नो अवतार पृथ्वीमा बार म्बार हुने कुरा बताएर अवतारको प्रसङ्गलाई स्थापित गराउन खोजिएको छ । यही प्रसङ्गले मानवले मानवलाई शोषण गर्ने धार्मिक वितण्डा जन्माएको छ । श्रमजीवीहरूलाई नयाँ अवतार हुन सक्ने भुलभुलैयामा पारेर शोषणको जग बलियो पार्ने काम गरेको छ यो भनाइले ।

त्यस्तै गरी गीताले विगत गइसक्यो, वर्तमान चल्दैछ र भविष्यको बारेमा नसोच भनेर विगतप्रति मूल्याङ्कन नगर्न, वर्तमानमा खोजी कार्यमा नलाग्न र भविष्यको बारेमा चिन्ता नगर्न बताएर मानिसहरूलाई पूर्णतः भाग्यवादी बनाउन खोजेको छ । त्यस्तै सम्पूर्ण संसार कृष्ण नै भएको भनेर गीताले मानिसलाई नयाँ खोज गर्न वञ्चित पार्न र केवल पूजापाठ, कृष्णसेवा जस्ता अनुत्पादक काममा व्यस्त गराउन खोजेको पनि देखिन्छ । गीताका कतिपय धेरै राम्रा कुरा पनि छन् तथापि गीताले मानिसहरूलाई भाग्यवादी नै बनाउन जोड दिएको छ ।

अनन्याश्चिन्तयन्तो मां ये जना: पर्युपासते ।
तेषां नित्याभियुक्तानां योगक्षेमं वहाम्यहम ।।
(गीता ।। २२।।)

अर्थात् जो अनन्य भावले सर्वदा मेरै दिव्य स्वरूपको ध्यान तथा चिन्तन गर्छन, तीनहिरूको आवश्यकता मैले पूरा गरिदिन्छु र तिनीहरूसँग भएका चीजको संरक्षण पनि मैले नै गरिदिन्छु । गीताको यो र यस्ता अनेकौं कुराले मानिसलाई कर्ममा भन्दा भाग्य र ईश्वर भक्तिमा प्रोत्साहित गर्छ । तर वास्तविकतामा भने मानिसले उपासना गरेर हैन वैज्ञानिक खोज र प्रयास गरेर नै सफलता हासिल गर्छ ।

गीताकै अर्को प्रसङ्गमा उल्लेख छ :

अपि चेत्सुदुरा चारो भजते मामनन्यभाक् ।
साधुरेव स मन्तव्य: सम्यग् व्यवसितो हि स: ।।३०।।

अर्थात् अत्यन्तै जघन्य कर्म गर्ने दुराचारी नै भए पनि अनन्य भावले मेरो भक्ति सेवामा संलग्न छ भने त्यसलाई साधु नै मान्नुपर्छ, किन भने ऊ आफ्नो सङ्ल्पमा अडिग भइसक्यो । यो भनाइले के देखाउँछ भने अपराधी र दुराचारीहरू पनि कृष्ण भक्त भए भने स्वतः साधु बन्छन् । भक्त बनाउने नामभा यो हदसम्म जाने सोचले समाज न्यायिक बन्न सक्तैन ।

गीतामै भेदभावपूर्ण समाजलाई उल्लेख गर्दै भनिएको छ :

मां हि पार्थ व्यपाश्रित्य येपि स्यु: पापयोनय: ।
स्त्रियो वैश्यस्तथा शूद्रास्तेपि यान्ति परांगतिम् ।। ३२।।

अर्थात् हे पार्थपुत्र, मेरो शरणमा आउनेहरू चाहे तल्ला कुलमा जन्मिएका स्त्री हुन्, वैश्य हुन् वा शूद्र हुन्, सबै परमधाममा जान पाउँछन् । यो भनाइले के देखिन्छ भने जात, काम र लिङ्गका आधारमा विभेदमा पारि एकाहरूको मुक्ति कृष्णभक्त भए पछि मात्र सम्भव छ र त्यो पनि यो धर्तीमा हैन परमधाममा पुगेर मात्र । जात, काम र लिङ्गका आधारमा धार्मिक पण्डाहरूले तल्लो कुलका बनाएका मानिसहरूलाई यो धर्तीमा शोषणको जालोबाट हटाउँने हैन कि ती हेपिएका मध्ये पनि केवल आफ्नो भक्तहरूलाई मात्र परमधाम लैजाने स्वार्थी कुरा कृष्णको यो भनाइले देखाउँछ । कृष्णले त तल्लो कुल र माथ्ल्लो कुल भन्ने परम्परा समाजबाट हटाएको भए पो महान् भन्न मिल्थ्यो । मरेपछि पाइने कथित परमधाम बासका कुरा शोषणलाई हटाउँन भन्दा बढाउन नै उद्यत देखिन्छ ।

गीतामा भनिएको छ : परित्राणाय साधुनां विनाशायच दुश्कृताम् । यसको तात्पर्य साधुहरू र धार्मिक रूपले सज्जनहरूको रक्षाका लागि आफूले अवतारका रूपमा जन्म लिइरहने भन्ने हो । गीताको लेखन वा परिमार्जन पछिसम्म हुने गरेकाले यो भनाइ सम्भवतः बुद्धका विचार हरूका कारण साधु (धार्मिक ऋषि, ब्राह्मण)हरूमा सङ्कट आउन थालेकाले त्यसलाई प्रभावित पार्न उल्लेख भएको हुन सक्छ ।

बाँकी पृष्ठ-३...

कम्पनीको सेयर तथा पूँजीसम्बन्धी प्रावधानमा संशोधन :

कम्पनीको चुक्ता पूँजी बैंकमार्फत जम्मा गर्नुपर्ने

काठमाडौं/कम्पनी रजिष्ट्रार कार्यालयले कम्पनीको सेयर बाँडफाँट, किनबेच, लगत, चुक्ता लगायत व्यवस्थापनमा एक दर्जनभन्दा बढी संशोधन गरेको छ । कम्पनीको दर्ता, किनबेचलगायत आर्थिक कारोबार हुने व्यवस्थालाई थप विश्वासिलो बनाउन तथा बैंकिङ प्रणालीमा आबद्ध गर्दै लैजाने गरी प्रावधानहरुमा संशोधन गरिएको कम्पनी रजिष्ट्रार कार्यालयले जनाएको छ ।

१० भदौमा बसेको कम्पनीको बैठकले कम्पनी ऐन २०६३ को दफा १६ तथा दफा १७८ ले दिएको अधिकार प्रयोग गरी यस्तो संशोधन गरेको हो । नयाँ व्यवस्था अनुसार अब सेयरधनीले कम्पनीलाई सेयर बापतको चुक्ता रकम दाखिला गर्दा कम्पनीको खातामा बैंकिङ प्रणालीमार्फत् चुक्ता गर्नुपर्छ ।

प्राकृतिक व्यक्तिले १० लाख रुपैयाँभन्दा कम मूल्यको सेयर खरीद बिक्री गर्दा नगदै कारोबार गर्न सकिने छ भने बैंक स्टेटमेन्ट नभएको खण्डमा पनि अभिलेख स्वीकार गर्न सकिने कम्पनी रजिष्ट्रार कार्यालयले जनाएको छ ।

कार्यालयकाअनुसार १८ भदौ २०८० पछि स्थापना भएका कम्पनीहरुले प्रथम वार्षिक साधारण सभा गर्नुअगाडि नै अनिवार्य रुपमा सेयर बाँडफाँट गरी कबुल गरेको सेयर रकमको पूरा वा आंशिक रुपम चुक्ता गरी सेयर लगत अभिलेख गराउनुपर्ने व्यवस्था गरिएको छ । यसरी सेयर लगत प्रमाणित गरेर लगेपछि मात्र कम्पनीको अध्यावधिक

लगायतका काम कारबाही गर्न पाइने व्यवस्था गरिएको छ ।

सेयरधनीले लगानी गरेपछि मात्रै कम्पनी बन्छ भन्ने मान्यताका आधारमा केही सुधारका प्रयासहरु भएको कम्पनी रजिष्ट्रार महेश बरालले बताए । 'कम्पनीको सेयरमा अस्पष्टता, अपत्यारिलो र नक्कली बैंक सर्टिफिकेट समेत प्रयोग भएको पाइएपछि यसलाई पारदर्शी र बैंकिङ प्रणालीमा आधारित बनाएको हो,' उनले भने ।

अब कम्पनीको कागजात र लगानी अब पारदर्शी हुने उनको भनाइ छ । 'कर्मचारी वा कम्पनीका कसैले पनि बदमासी गर्न पाउँदैनन् । मोटामोटी ५० प्रतिशत कम्पनी दर्ता र लगतको बिकृति अन्त्य हुन्छ,' रजिष्ट्रार बरालले भने ।

२०७३/७४ को भन्दा पछिको लेखा परीक्षण प्रतिवेदनमा चुक्ता पूँजी उल्लेख भएको तर सेयर लगत नभएको कम्पनीमा सो पूँजीबजारको प्रमाण पेश गरी सेयर लगत अभिलेख गरेर मात्रै अब कम्पनीको अन्य कागजातको अभिलेख स्वीकार गरिने व्यवस्था गरिएको छ ।

कम्पनीको सेयरबापतको रकम कम्पनीको बैंक खातामा जम्मा गर्दा सेयर कल गरेको मितिदेखि सेयर बाँडफाँट गरेको मितिभित्र गर्नुपर्ने प्रावधान रहेको र सोही अवधिको बैंक स्टेटमेन्ट मात्र चुक्ता प्रमाणका लागि ग्राह्य हुने रजिष्ट्रार कार्यालयले जनाएको छ ।

अबदेखि कम्पनी स्थापना गर्दा सेयरधनीले आफूले कबुल गरेको सेयर वा जगेडा सेयर खरिद बापतको रकम चुक्ता गर्दा वा सेयर खरिद गर्दा बिक्रीको कारोबारमा बिक्रेतालाई सेयर रकम भुक्तानी गर्दा कार्यालयमा पेश गर्ने बैंक स्टेटमेन्टमा सम्बन्धित बैंकको छापसहितको प्रमाणित भएको स्टेटमेन्ट पेस गर्नुपर्ने व्यवस्था पनि गरिएको छ । नाता प्रमणितबाट खुल्ने परिवारको सदस्यहरुको बीच भएको खरिद बिक्रीको हकमा सम्बन्धित बैकमबाट सिस्टम जेनेरेटेड चुक्ता प्रमाणलाई पनि अभिलेख स्वीकार गरिने व्यवस्था गरिएको छ ।

सेयर बापतको रकम सम्बन्धित कम्पनीको बैंक, खातामा जम्मा गर्दा सेयरधनी स्वयम्को नामबाट दाखिला भएको हुनुपर्ने छ । तर, सेयरधनी स्वयम्ले दाखिला नगरी एकाधरको परिवारको सदस्यबाट दाखिला भएको खण्डमा नाता खुल्ने कागजात र सम्बन्धित व्यक्तिको स्वघोषणा अनिवार्य गरिएको छ ।

यस्तै, सेयरलागत जारी गर्दा चुक्ता पूँजीको रकम १० लाखभन्दा कम रकम कम्पनीको प्रयोजनका लागि छोटो समयका लागि झिकिएको खण्डमा कारण सहित र खर्च भएको भए लेखापरीक्षण विवरणसहित चुक्ता पूँजीको अभिलेख स्वीकार गरिने उल्लेख छ । नयाँ व्यवस्थाअनुसार कम्पनीको ओभर ड्राफ्ट खातामा रकम जम्मा गर्दा बैंक भौचर र स्टेटमन्ट खुलाएरै प्रयोजन उल्लेख गरिएको हुनुपर्ने र त्यसलाई बैंकले प्रमाणित गरेको हुनुपर्ने व्यवस्था गरिएको छ ।

कम्पनी रजिष्ट्रार कार्यालयले बकसमार्फत सेयर स्वमित्व हस्तान्तरण गर्दा अपनाउनु पर्ने विधि पनि परिमार्जन गरेको छ ।

अबदेखि बकसपत्र मार्फत सेयर हस्तान्तरण गर्दा स्थानीय तहको नाता प्रमाणित अनिवार्य गरिएको छ । एकाघरको सगोलको जेष्ठ सदस्यले मात्रै आफूभन्दा साना सदस्यलाई सेयर बकस गरीदिन पाउने छन् । कागजमा बकसमा सेयर विवरण खुलाउनु पर्नेछ भने यस अघि नै निर्णय भएको तर काम सम्पन्न हुन नसकेको हकमा भने ४५ दिन भित्र पुरानै नियमानुसार गर्न सकिने कम्पनी रजिष्ट्रारको कार्यालयले जनाएको छ ।

खारेजीमा जाने कम्पनीको हकमा फिर्ता हुने रकम पनि बैंकिङ प्रणालीमार्फत नै सेयर धनीलाई फिर्ता गने व्यवस्था पनि नयाँ संशोधनमा छ ।

(स्रोत: अनलाइनखबर)

'लभ यू बाबा'बाट राष्ट्रिय अवार्ड जितेकी संगमको अभिनयमा पुनरागमन

काठमाडौं/२०७१ सालमा प्रदर्शन भएको फिल्म 'लभ यू बाबा'बाट उत्कृष्ट अभिनेत्रीको 'राष्ट्रिय अवार्ड' जितेकी संगम विष्टले ९ वर्षपछि म्यूजिक भिडियोमार्फत् अभिनयमा पुनरागमन गरेकी छन् । श्रीकृष्ण जन्माष्टमीको अवसर पारेर मंगलबार यूट्युबमा सार्वजनिक गरिएको 'नरोउ राधा सम्झेर मलाई' बोलको कृष्ण भजन गीतमा उनी राधाको चरित्रमा प्रस्तुत छिन् । यस गीतमा उनको आकर्षक नृत्य छ ।

'लभ यू बाबा'मा उनले बाल कलाकारको रुपमा अभिनय गरेकी थिइन् । उनी अभिनेता गजित विष्टकी छोरी हुन् । उनले 'अपहरण', 'जय शिव शंकर', 'श्रीमान', 'वरदान' फिल्ममा पनि बाल कलाकारको रुपमा अभिनय गरेकी छन् । अध्ययनका कारण अभिनयबाट ९ वर्ष टाढा बसेकी उनी अब अभिनयमै करिअर बनाउने सोचमा छिन् । संगम अभिनेत्रीको रुपमा फिल्म डेब्यूको पखाईमा छिन् ।

वि.सं. २०४० सालको चर्चित गीत 'नरोउ माया सम्झेर मलाई'लाई कृष्ण भजनको रुपमा तयार पारिएको गीतमा हरिबहादुर राउत र कोपिला वाइबाको स्वर छ । गीतका शब्द संकलक तथा संगीतकार माधव केसी हुन् भने प्रकाश सापकोटा र बिदुर तिमल्सिनाको शब्द रचना छ । गम्भीर विष्टको कोरियोग्राफी र निर्देशन रहेको गीतमा 'चुरिफुरी' फेम्ड अभिनेता अभिषेक श्रेष्ठ कृष्ण बनेका छन् ।

हरिबहादुर राउत र गोल्डेल हार्ट पिक्चर्सको संयुक्त प्रस्तुतिमा निर्माण भएको यो गीतमा दिनेश पराजुलीको छायांकन छ भने प्रविन भट्टले सम्पादन गरेका छन् । ४० वर्षअघि नै चर्चित भैसकेको गीतलाई भजन भर्सनमा ल्याएर दर्शकलाई नयाँ स्वाद पस्किने प्रयास गरेको गायक राउतको भनाई छ । त्यस्तै, गीतकार सापकोटाले पुरानो गीतजस्तै भजन पनि प्रेमकथामा नै आधारित रहेको बताए ।

भारतमा 'जवान'ले ७० करोडको ओपनिङ गर्ने प्रक्षेपण, नेपालमा कति कमाउँला ?

काठमाडौं । शाहरुख खान स्टारर 'जवान'ले भारत र नेपालसहितका अन्तर्राष्ट्रिय बजार मा आक्रामक ओपनिङ गर्ने प्रक्षेपण गरिएको छ । भारतमा मात्र रिलिज अगावै तीन लाख ९१ हजार भन्दा बढी टिकट बिक्री भएको र पहिलो दिन त्यहाँ ७० करोड भारु हाराहारीको ओपनिङ हुने जनाइएको छ ।

बलिउड ट्रेड एनालिस्ट अतुल मोहनले भारतका सबै भाषामा फिल्मको कमाइ ७० करोड भारु हुने बताएका छन् । हिन्दी संस्करणमा मात्र फिल्मले 'पठान'को ओपनिङलाई उछिन्ने उनको अनुमान छ । व्यापार विश्लेषकका यी प्रक्षेपण एड्भान्स टिकट बिक्रीको आधारमा गरिएका हुन् ।

शाहरुखको अघिल्लो फिल्म 'पठान'ले भारतीय बक्स अफिसमा ५७ करोड भारुको ओपनिङ गरेको थियो । भारतमा बिहान ५ बजेदेखि नै शोहरु तय गरिएका छन् । अग्रिम टिकट बिक्रीमै फिल्मले २७ करोडको व्यापार गरि सकेको कोइमोइले उल्लेख गरेको छ । बुधबार बेलुकासम्म भारतमा अग्रिम टिकट बिक्री संख्या १० लाख पुग्ने अनुमान छ ।

भारतको राजधानी नयाँ दिल्लीमा सुरु हुन लागेको विश्व नेताहरुको सम्मेलन जी-२० भेलाले पनि 'जवान'को शो प्रभावित नहुने जनाइएको छ । भारतबाहेक अमेरिका, अष्ट्रेलिया, युरोप र मध्यपूर्व लगायतका अन्तर्राष्ट्रिय बजारमा समेत जवानले आक्रामक ओपनिङ गर्ने अनुमान छ ।

नेपालमा पहिलो दिन कति कमाउला ?

चलचित्र विकास बोर्डको बक्स अफिस तथ्यांकमा हेर्दा नेपालमा 'जवान'को एड्भान्स बुकिङ शाहरुखकै अघिल्लो फिल्म 'पठान'को लेभलमा देखिएको छैन । तर पनि फिल्मले पहिलो सप्ताहन्त नेपाली बक्स अफिसमा आक्रामक ओपनिङ गर्नेमा दुईमत छैन ।

बिहीबार बिहानका लगभग शो सोल्डआउट छन् । तर बिहान सबै हलले टिकट शुल्कमा छुट दिने गर्छन् । जसअनुसार नेपालमा फिल्मको ओपनिङ सवा करोड हाराहारीमा हुने प्रक्षेपण गर्न सकिन्छ ।

बिहीबारभन्दा शुक्रबार र शनिबार फिल्मको कमाइ अझै वृद्धि हुन सक्छ । पहिलो सप्ताहन्तमध्ये शनिबारको कमाइ बिहीबार र शुक्रबारभन्दा उच्च हुन सक्छ । यो ट्रेन्ड हेर्दा जवानको तीनदिने कमाइ चार करोड रुपैयाँ हाराहारीमा पुग्ने अनुमान छ । तर यो सबै कुरा फिल्मको रिभ्युमा निर्भर हुनेछ ।

श्रीकृष्ण अवतार...

एसजी सरदेसाईले भन्नुभएको छ, "अधर्मले आफ्नो टाउको उठाइरहेको भन्ने गीताका लेखकको मनमा जे थियो, त्यो वास्तवमा चातुर्वण्य सोपानक्रममा बुद्धवादले सिर्जना गरेको अन्योल र शक-कुषाण आक्रमणहरू बाहेक अरू केही थिएन ।" (मार्क्सवादी दृष्टिकोणमा भगवत गीता ।)

कृष्णका उपदेश मात्र हैनन् सबै धर्मशास्त्रका उपदेशहरूले मानिसलाई ज्ञानी बन्न, दुःखीको सेवा गर्न, हिंसा नगर्न सिकाएका छन् तर यस सँगसँगै कथित परमात्माको भक्ति र मृत्युपछिको मुक्तिका कुरा पनि सिकाउने गर्छन् । यही कथित भक्ति र मुक्तिका कुराले नै श्रमजीवीहरूलाई आफ्नो अधिकार का लागि लड्न बाधा पारेको हुन्छ अनि संसारलाई बुझ्ने वैज्ञानिक मार्गबाट च्युत गराउँछ ।

महाभारत युद्धाका अश्वस्थामा मरेको गलत हल्ला सुनाउने चालबाजी गरी द्रोणाचार्यलाई मार्नेदेखि लिएर दुर्योधनको जाँघमा हिर्काएर गदा-युद्धको नियमविपरीत हराउने षड्यन्त्रसमेत कृष्णले गरेका छन् । यसले समाजलाई छल र षड्यन्त्र गर्दा हुन्छ भन्ने सन्देश दिएको छ । सामान्यतः हरेक मानिसलाई आफूले गरेको कुरा उचित हो भन्ने लाग्छ, आफूलाई उचित लागेको कुरालाई छल र षडयन्त्र गरेर भए पनि लागू गर्नुपर्छ भन्ने सन्देश कति अर्थमा ठीक भन्न सकिएला ?

यसरी कृष्णको चरित्रले समाजलाई राम्रो सन्देश नदिएको पनि देखिन्छ । भनिन्छ, कृष्णले सोह्र सय गोपिनीलाई आफ्नो साथ लगाएका थिए । कृष्णलाई भेटेपछि गोपिनीहरूले घरपरिवार सबै त्यागेर पछि लाग्थे भन्ने कुरा कृष्णको कथामा भेटिन्छ ।

हरिवंश पुराण र भागवत पुराणमा समेत कृष्णको जीवनकथा र कार्य भेटिन्छ । यसरी आफ्ना लोग्ने र छोराछोरी छाडेर घरपरिवार विखण्डित बनाउन गोपिनीहरूलाई प्रोत्साहित गर्ने कृष्णले वास्तवमा समाजका लागि उचित काम गरेका हैनन् ।

कृष्ण चरित्रले व्याख्या गरेअनुसार राम अवतारकै बखतमा केही ऋषिहरूलाई रामले जङ्गलमा राक्षसहरूको चङ्गुलबाट बचाए । रामको सौन्दर्यबाट मोहित भएर ऋषिहरूले उनलाई छुन खोजे । तर रामले अर्को जन्ममा आफूले कृष्ण अवतार लिने र ऋषिहरू गोपिनी हुने कुरा सुनाएका थिए । यही कुरा तुलसीदासको पुस्तक 'राम चरितमानस'मा पनि उल्लेख छ । ऋषिहरू गोपिनीका कुराहरू कृष्णको खराब चरित्रलाई लुकाउन महापण्डितहरूले कथेको कहानीमात्र हो भन्दा अत्युक्ति हुँदैन ।

त्यस्तै राधासँगको प्रेम प्रसङ्ग, रुक्मिणी हरण र विवाहित मीरालाई आफ्नुप्रतिको आशक्ति हटाउन नसक्नु जस्ता कुराले स्पष्ट गर्छ भने कृष्ण कुनै अलौकिक शक्ति नभएर एउटा सामान्य सामन्त कुमार थिए, जो स्त्रीहरूसँग सजिलै लहसिन पुग्थे । ईश्वरीय अवतार भएका भए उनले गोपिनीहरू र मीराको घर बिगार्न नखोजेर उनीहरूलाई सम्झाउन सक्नु पर्थ्यो ।

कृष्णको अवसान एउटा व्याधाको वाण लागेर भएको भनी वर्णन गरिएको छ । यसलाई आफ्नो फोहोर पार्थिव शरीरलाई पृथ्वीमै छाडेर जान उनी आफैले जानीजानी व्याधामार्फत् गराएका हुन भनी हिन्दू धर्मग्रन्थद्वारा व्याख्या गरिएको छ ।

यसरी व्याधालाई राम अवतारको बालि हत्याको प्रसङ्गसँग जोडिएको छ, जुन महापण्डितहरूको नियोजित कहानीकै अर्को पाटो हो । रामले बालिको हत्या गरेपछि बालिकी पत्नी तारालै अर्को जन्ममा बालिकै हातबाट रामको हत्या होस् भनी श्राप दिएकी थिइन् रे । यसै भएकोले रामको अर्को जन्म (अवतार) कृष्णलाई व्याधाका रूपमा पुनर्जन्म भएको बालिले हत्या गरेका हुन् भनी बुद्धिमत्तापूर्ण ढङ्गले कथालाई जोडिएको छ ।

सत्य युगमा यति ठूलो नाम रहेको बालिको भूमिका द्वापर युगमा सानो व्याधाका रूपमा मात्र रहनुले पनि के स्पष्ट गर्छ भने कृष्णको मरण सामान्य गरिब जनताको हातबाट भएको घटना लज्जास्पद होला भनेर कथालाई बालि हत्यासँग जोडेर कृष्णको अवसाननलाई अलि गर्विलो बनाउन खोजिएको हो । यसरी के स्पष्ट हुन्छ भने कृष्ण 'अवतार पुरुष' नभएर एक चलाख, धूर्त र त्यसबेलाका अत्यन्त विद्वान मानिस थिए ।

हिन्दु धर्मलाई थप टेवा दिन गीता जस्तो दर्शन दिएको र महाभारत युद्धमा उनकै सहयोगको कारणले पाण्डव पक्ष विजयी भएकाले उनलाई अवतार पुरुष बनाइएको हुनु पर्दछ ।

(साभार: रातोपाटी)

कांग्रेस सहमहामन्त्री यादवमाथि सांघातिक आक्रमण

काठमाडौं/नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवमाथि सांघातिक आक्रमण भएको छ । बुधबार भृकुटीमण्डपस्थित रिपोर्टर्स क्लबमा आयोजित अन्तरक्रिया कार्यक्रममा सहभागी भएर निकिस्ने क्रममा यादवमाथि खुकुरी प्रहार भएको हो ।

प्रहरीका अनुसार अन्तर क्रिया कार्यक्रममै सहभागी ४७ वर्षीय श्यामबहादुर सापकोटाले सहमहामन्त्री यादव क्लबबाट निस्किना साथ पछाडिबाट खुकुरी हानेका हुन् । नुवाकोटको विदुर नगरपालिका-७ तुप्वे घर भई बालाजु बस्ने सापकोलाई खुकुरीसहित नियन्त्रणमा लिइएको काठमाडौं प्रहरी प्रमुख भुपेन्द्र खत्री बताउँछन् ।

टाउकोमा पछाडिको भागमा गहिरो चोट लागेका यादवको ट्रमा सेन्टरमा उपचार भइरहेको छ । उनी खतरामुक्त रहेको तर अब्जर भेसनका लागि आईसीयूमा राखिएको ट्रमा सेन्टरले जनाएको छ । उनको अवस्था बुझ्न कांग्रेस सभापति शेर बहादुर देउवा आफै अस्पताल पुगेका थिए । कांग्रेसका अरु नेताहरु पनि भेट्न पुगेका छन् ।

गृहमन्त्रीमाथि प्रश्न

पार्टीका सहमहामन्त्री यादवमाथि सांघातिक आक्रमण भएपछि कांग्रेस नेताहरुले शान्ति सुरक्षामाथि प्रश्न उठाएका छन् ।

सत्तारुढ दलको सहमहामन्त्री सहभागी कार्यक्रममा खुकुरी बोकेर पुग्दा पनि सुरक्षा संयन्त्रले थाहा नपाएको भन्दै कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्मा भन्छन्, 'यो घटनाले हाम्रो सुरक्षा संयन्त्र कति कमजोर रहेछ भन्ने त देखियो नि ।'

कांग्रेस पार्टी कार्यालयका मुख्यसचिव कृष्ण पौडेलले जारी गरेको विज्ञप्तिमा आक्रमण गर्ने व्यक्ति र पछिल्तिर हुनसक्ने व्यक्ति वा समूहमाथि गम्भीर अनुसन्धान गरी कडा कारबाही गर्न माग गरिएको छ ।

कांग्रेसको भ्रातृ संगठन नेपाल विद्यार्थी संघ र तरुण दलले त गृहमन्त्रीको राजीनामा नै मागेको छ ।

नागरिकको जिउ ज्यानको सुरक्षा गर्न गृहमन्त्री पूर्ण रुपमा असफल रहेको नेविसंघको निष्कर्ष छ । 'यस घटनाको सम्पूर्ण जिम्मेवारी सरकार र गृह मन्त्रालयले लिनुपर्ने स्पष्ट छ', अध्यक्ष दुजाङ शेर्पाले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

तरुण दलले यो घटनालाई आफ्ना नेताहरुमाथि श्रृंखलाबद्ध आक्रमणकै निरन्तरता भनेको छ । नक्कली भुटानी शरणार्थी प्रकरणमा बालकृष्ण खाँणको पक्राउतर्फ संकेत गर्दै तरुण दलका अध्यक्ष विद्वान गुरुङले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'दोषी नै नभएको व्यक्तिलाई पकाउ गर्न अघि सर्ने नेपाल प्रहरी दिउँसै हात हतियार सहित हिँडडुल गर्ने व्यक्ति चिन्न नसक्ने ? यस्ता कार्यको अब नेपाल तरुण दल चुप लागेर सहेर बस्न सक्दैन ।'

महिला संघले सरकार ले नागरिकलाई सुरक्षाको प्रत्याभूति दिन सकोस् भनि माग गरेको छ ।

कांग्रेस नेताहरुका अनुसार भोलि बिहीबार बस्ने संसदको बैठकमा यो विषय उठाउने तयारी छ । सांसद रामहरि खतिवडा पनि विचार राखेकै आधारमा आक्रमण हुने अवस्था आएको बताउँछन् । 'बोल्न पाउनुपर्ने अधिकारकै लागि कांग्रेस लड्दै आएको छ' उनले भने, 'यसरी आक्रमण भयो भने बोल्न डर हुने भयो नि !'

सपकोटाको खराब रेकर्ड

यादवमाथि आक्रमण गरेको आरोपमा पकाउ परेका सापकोटा वैदेशिक रोजगारीका लागि दुबई गएर फर्किएका थिए । विदेश जाने बेला विचौलियालाई पैसा खुवाउनु परेको आफन्तहरु बताउँछन् ।

क्षतिपूर्ति बापत पाउनुपर्ने निश्चित रकम नपाएपछि उनले विचौलियाहरुको विरोध गरेका थिए ।

त्यही विषयलाई लिएर उनले वैदेशिक रोजगार विभागका कर्मचारीलाई कालोमोसो दलेको भेटिएको छ । कालोमोसो दलेको आरोपमा पकाउ परेर उनी केही दिनमा छुटे । 'उनको क्रिमिनल रेकर्ड सिस्टम (सीआरएस) भोलि विस्तृत विवरण निकाल्छौं', जिल्ला प्रहरी परिसर, काठमाडौंका एक अधिकृतले बताए ।

पछिल्लो समय एमसीसी लगायतका परियोजना र भ्रष्टाचारको विरोध गर्दै हिड्ने उनले अरुलाई पनि आक्रमणको धम्की दिने गरेको पाइएको छ ।

जिल्ला प्रहरी परिसर, काठमाडौंका प्रमुख एसएसपी भुपेन्द्र खत्रीका अनुसार, उनीविरुद्ध ज्यानमार्ने उद्योगको कसुरमा म्याद थप गरेर विस्तृत अनुसन्धान हुन्छ ।

(स्रोत: अनलाइनखबर)

अमिताभ र कंगनाले भने- हामी भारतीय हौं, इण्डियन होइन

काठमाडौं/देशको नामबाट इण्डिया हटाएर भारत मात्रै राख्ने सरकारको सम्भावित तयारीबीच बलिउड कलाकारहरु अमिताभ बच्चन र कंगना रनौत यसको पक्षमा खुलेका छन् । सामाजिक सञ्जालमा पोष्ट गर्दै कंगनाले सन् २०२१ मा आफूले चाँडै देशको नाम इण्डियाबाट बदलेर भारत मात्रै हुने भविष्यवाणी गरेको बताइन् ।

कंगनाले एक्समा पुरानो अन्तर्वार्ताको स्किनसट सेयर गरेकी छिन्, जसमा उनले दुई वर्षअघि देशको नाम परिवर्तन गर्ने इच्छा व्यक्त गरेकी थिइन् । उनले भनेकी थिइन्, 'इण्डिया नाम हामीलाई अंग्रेजले दिएका थिए, त्यसैले देशको नाम भारत हुनुपर्छ ।' आफ्नो पुरानो ट्विट सेयर गर्दै कंगनाले सबैलाई बधाई दिएकी छिन् । उनले लेखेकी छन्, 'सबैलाई बधाई, हामी सबै दासताबाट मुक्त भयौं । जय भारत ।'

कंगनाले अगाडि भनिन्, 'भारत नामको सटिक छ । तर इण्डियाको अर्थ के हो ? तिनीहरू (अंग्रेज)ले हामीलाई रेड इण्डियन भन्ये, किनभने पुरानो अंग्रेजीमा इण्डियन अर्थ दासता हो । उनीहरूले हामीलाई इण्डिया नामाकरण गरे किनभने त्यो हाम्रो नयाँ पहिचान थियो, जुन ब्रिटिशले हामीलाई दिएका थिए । पुरानो डिक्सनरीमा पनि इण्डियाको अर्थ दास भनिन्थ्यो तर अहिले यसलाई परिवर्तन गरिएको छ । यो हाम्रो नाम होइन, हामी भारतीय हौं, इण्डियन होइन ।'

कंगनाले यो ट्विट यस्तो समयमा गरेकी छिन्, जब देशको नाम इण्डिया हटाएर भारत मात्रै राख्ने सरकारको तयारीबारे अड्कलबाजी चलिरहेको छ । सेप्टेम्बर ९ र १० मा दिल्लीमा जी-२० को बैठक हुँदैछ । यस बैठकको रात्रिभोजमा सहभागी हुने सदस्यलाई राष्ट्रपति भवनबाट निमन्त्रणा कार्ड पठाइएको छ । राष्ट्रपतिले पठाएको निमन्त्रणा कार्डमा 'प्रेसिडेन्ट अफ इण्डिया'को सट्टा 'प्रेसिडेन्ट अफ भारत' लेखिएको छ ।

कंगनाभन्दा पहिले अभिनेता अमिताभ बच्चनले सामाजिक सञ्जालमा लेखेका छन्, भारत माता की जय ।' बिग बीको यो ट्वीटलाई देशको नाम इण्डियाबाट भारतमा परिवर्तन गर्न मौन समर्थनको रूपमा वर्णन गरिएको छ । पूर्व भारतीय क्रिकेटर वीरेन्द्र सहवागले पनि इण्डियाबाट भारत एकीकरणको पक्षमा समर्थन जनाएका छन् ।

इण्डिया भर्सेस भारतको बहस अहिले सामाजिक सञ्जालमा ट्रेन्डिङमा छ । कतिपय मानिस देशको आधिकारिक नामबाट इण्डिया हटाउने पक्षमा छन् भने कतिपयले विरोध गरिरहेका छन् । प्रधानमन्त्री नरेन्द्र मोदीको दल भारतीय जनता पार्टी (बीजेपी)सहितका दल देशको नाम भारत राख्नुपर्ने पक्षमा छन् भने प्रतिपक्षी कांग्रेस आई लगायतका दल भने विपक्षमा उभिएका छन् ।

के तपाईं फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution
Contact No. 9845292140,
057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

बागमतीमा आठ महिनादेखि संसदीय समिति सभापतिविहीन

साझाकुरा संवाददाता

हेटौंडा, २० भदौ/'मिनि सदन'को रुपमा व्याख्या हुने गरेको बागमती प्रदेशका संसदीय समितिहरु नेतृत्वको अभावमा अलपत्र छन् ।

निर्वाचन भएको लामो समयपछि गत असारमा मात्रै समिति गठन भएपनि अझै सभापति चयन हुन सकेको छैन । सरकारलाई काम, कारबाहीमा आवश्यक मार्गनिर्देशन दिने र कानुन निर्माणमा आवश्यक छलफल गर्ने मुख्य थलो संसदीय समितिहरु नै अलपत्र हुँदा प्रश्न उठेको छ । राजनीतिक भागबण्डा र दलहरुबीच शक्ति बाँडफाँडमा स्वार्थ नमिल्दा समितिहरु सभापतिविहीन छन् । बागमती प्रदेशसभामा मंगलबार मात्रै समितिको बैठक बसेको थियो । सभापति नहुँदा ज्येष्ठताका आधारमा सदस्यले अध्यक्षता गरेका थिए ।

संघीय सरकारले निर्वाचनको लामो समयपछि भदौ दोस्रो साताका मात्रै समितिहरुलाई पूर्णता दिएको थियो । तर, संघीय सरकारकै शैलीमा बागमती प्रदेश सरकार पनि अघि बढेको छ । प्रदेशभित्र काम गर्न प्रदेश सरकार स्वायत्त हुने संवैधानिक अधिकार भएपनि राजनीतिक भागबण्डा र शक्ति बाँडफाँडमा नेतृत्व तहमा सहमति नभइञ्जेल प्रदेशहरुमा पनि समितिहरु अलपत्र हुने गरेका छन् । संघीय सरकारकै पुनरावृत्ति बागमती प्रदेशमा पनि देखिएको हो । संघीय सरकार भन्दा बागमती सरकार फरक र आशावादी नदेखिएको भन्दै आलोचना भइरहेको छ ।

४ मंसिर २०७९ मा निर्वाचन भएर्सै बागमतीमा दोस्रो कार्यकालका लागि सांसदहरु चुनिने र सरकार गठन भएपछि प्रदेशसभाको पहिलो बैठक गत पुस १८ मा बसेको थियो । १८ पुसमा प्रदेशसभा बसेदेखि सत्तारुढ दलभित्र मन्त्रालयको भागबन्डालाई लिएर लामो समय विवाद हुँदा संसदीय समिति नेतृत्वविहीन भएका हुन् । प्रदेशसभाको दोस्रो अधिवेशन अन्त्यतिर पुग्नै लाग्दा मिनी संसद्का रुपमा चिनिने संसदीय समितिको भागबन्डाका विषयमा सत्तारुढ दलमै विवाद कायम छ ।

प्रदेशसभामा प्रदेश मामिला, अर्थ तथा विकास, सार्वजनिक लेखा, शिक्षा, स्वास्थ्य तथा कृषि र उद्योग, पर्यटन तथा वातावरण समिति छन् । मुख्यमन्त्री शालिकराम जम्कट्टेल नेतृत्वको सरकारले माघ २३ गते प्रदेशसभा बैठकबाटै संसदीय समिति गठनको प्रयास गरेको थियो । तर, सरकारलाई समर्थन गरेका दलको दाबीअनुसार भाग नपुग्ने भएपछि यस विषयलाई थाती राखिएको थियो । संसदीय समितिको नेतृत्वको विषयमा प्रदेशमा नेतृत्व गर्ने दलहरुबीच औपचारिक छलफल नभए पनि मंगलबार पहिलो बैठक भने बसेको छ ।

लामो समयको विवाद पश्चात प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलहरुले प्रदेशसभा सचिवालयलाई संसदीय समिति गठन गर्न समितिमा बस्ने सांसदहरुको नाम दिएपछि पहिलो पटक बैठक बसेको हो । प्रदेशसभाअन्तर्गत रहेका पाँच वटै समितिको बैठक बसेको प्रदेशसभा सचिवालयका प्रवक्ता मनोज गुप्ताले बताए ।

पहिलो बैठक समितिमा भएका ज्येष्ठ सदस्यको अध्यक्षतामा बसेको र अब बिस्तारै सभापति चयनको प्रक्रियासमेत अगाडि बढ्ने उनले बताए । तर, भागबण्डा नमिली सभापति चयनको प्रक्रिया अगाडि बढ्ने सम्भावना देखिँदैन । बागमतीमा सभापतिका लागि शक्तिकेन्द्रमा लबिङ गर्न सांसदहरुले सुरु गरिसकेका छन् ।

प्रदेशसभाको असारमा बसेको बैठकले संसदीय समिति र सदस्यहरुको नाम अनुमोदन गरेको थियो । प्रदेशसभाका समितिका लागि कुल ९६ सदस्य छन् । जसअनुसार ४ वटा समितिमा १९ जनाका दरले र एक समितिमा २० सदस्य र हुनेछन् । समितिका सदस्यहरुबाट निर्वाचन गरी एकजना सभापति चुनिने व्यवस्था छ । सभापतिको निर्वाचन मिति दलहरुको सहमतिमा प्रदेशसभा सचिवालयले तोक्ने परम्परा छ । सत्तारुढ दलहरुबीच नै समिति सभापतिको भागबन्डाको विषयलाई लिएर विवाद हुँदै आएको छ ।

सत्तारुढ कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादीले २/२ समितिको नेतृत्वमा दाबी गरिरहेको छ । यता एमालेले पनि संसदीय समिति प्रतिपक्षको हुने दाबीसहित समिति सभापतिमा अड्को थापिरहेको छ । तर, मुख्यमन्त्री जम्कट्टेलले एमालेलाई लेखा समितिको नेतृत्व बताइसकेका छन् ।

थाहाको स्वास्थ्य कार्यक्रम समीक्षा:

खोप, मातृशिशु स्वास्थ्यमा सुधार

साझाकुरा संवाददाता

हेटौंडा २० भदौ/गत आर्थिक वर्षमा सम्पादित स्वास्थ्य कार्यक्रमको थाहा नगरपालिकास्तरीय दुईदिने वार्षिक समीक्षा तथा योजनातर्जुमा कार्यक्रम भएको छ ।

नगरप्रमुख विष्णुबहादुर विष्टको अध्यक्षतामा भएको समीक्षा कार्यक्रममा नगरभित्रका १२ वटा स्वास्थ्यचौकी, सहरी स्वास्थ्यकेन्द्र, आधारभूत स्वास्थ्यकेन्द्र, आयुर्वेद औषधालय तथा निजी पोलिकिल्निक सहित विद्यालय नर्सहरुको वार्षिक कार्यप्रगति तथा समीक्षा प्रस्तुत गरिएको हो । कार्यक्रममा नगर भित्रका स्वास्थ्यकेन्द्रको अवस्था, बजेट र खर्चको अवस्था तथा वित्तीय प्रगतिविवरण प्रस्तुत गरिएको थियो ।

वडाबाट स्वास्थ्यकेन्द्रलाई सहयोग गर्नुपर्नेमा जोड दिदै स्वास्थ्यकर्मीले नागरिकको आधार भूत आवश्यकतामाथि ध्यान दिन पालिका तथा वडा कार्यालयको ध्यानाकर्षण गरेका थिए । सम्पन्न हुन नसकेको कार्यक्रम, स्वास्थ्यसंस्थालाई आवश्यक औषधि तथा उपकरणको अवस्थाको साथै सेवाग्राहीलाई दिने सेवाको अवस्था, स्वास्थ्यकेन्द्रले दिने सेवासुविधा खोप, सुत्केरी, गर्भपतन, परिवार नियोजनका साथै जनस्वास्थ्यको अवस्थाबारेमा १२ वटै स्वास्थ्य संस्थाका प्रमुखले आआफ्नो कार्यप्रगति प्रस्तुत गरेका थिए ।

थाहा नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा सम्पन्न समीक्षामा थाहानगरप्रमुख विष्ट, उपप्रमुख भरत गोपाली, प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी तथा स्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख कृष्णबहादुर मिजार, जनस्वास्थ्य अधिकृत लक्ष्मण घिमिरे, तथ्यांक अधिकृत भागीरथप्रसाद रौनियार, थाहा नगरका वडाअध्यक्षहरु र स्वास्थ्यकर्मीको उपस्तिथि रहेको थियो ।

कार्यक्रममा थाहानगर स्वास्थ्य शाखा प्रमुख मेघराज बलामीले नगरको प्रमुख स्वास्थ्य चुनौतीको रुपमा प्राथमिक अस्पतालमा विशेषज्ञ सहितको एमडिजीपी मेडिकल अधिकृतबाट सेवा प्रवाह गर्न जरुरी रहेको बताए । सामाजिक आर्थिक, शैक्षिकलाई सुधार परिवर्तन तथा नियन्त्रण गरेर स्वास्थ्यरक्षा र सुधार गर्न स्वास्थ्य प्रवर्द्धन कार्यक्रममा जोड दिदै आधुनिक स्वास्थ्य शिक्षा सामग्रीको आवश्यकता रहेको बताए ।

बलामीले घरमा सुत्केरी शून्य गर्न एम्बुलेन्स सेवा निःशुल्क गर्नुपर्ने, प्रसुति प्रतीक्षालय निर्माण गरी बस्ने कक्षको व्यवस्थापन गर्नुपर्ने शाखाको आगामी चुनौती रहेको उल्लेख गरे । नगरका १० स्वास्थ्य संस्थाहरु मापदण्ड अनुसारको भवनमा रहेको, क्लिनिक, वर्थिङ सेन्टर सबै स्वास्थ्यसंस्थामा रहेको, अक्सिजन प्लान्टको निर्माण अन्तिम चरणमा रहेको, गुणस्तरीय खोपसेवाको लागि १० स्थानमा आइएलआरको व्यवस्था रहेको बताए ।

उनले स्वास्थ्य संस्थालाई पालिकाबाट भएका नविनतम प्रयासका बारेमा जानकारी गराएका थिए । गत आर्थिक वर्षको तुलनामा खोप, पोषण, मातृ तथा नवशिशु, रोग नियन्त्रण, नसर्ने रोगको पहिचान र रोकथाम साथै सामान्य विरामी उपचार र ल्यावसेवा समेतमा उल्लेखनीय प्रगति भएको बलामीले बताए ।

राजदेवी सहकारीको भेला तथा वार्षिकोत्सव

साझाकुरा संवाददाता

हेटौंडा, २० भदौ/हेटौंडा-१७ राजदेवीमा रहेको राजदेवी बचत तथा ऋण सहकारी संस्थाको १९ औं वार्षिक साधारणसभा भएको छ । संस्थाकी ज्येष्ठ सदस्य नन्दकुमारी चौरेलको प्रमुख आतिथ्यता एवम सहकारीका अध्यक्ष मधुसुदन न्यौपानेको सभाध्यक्षतामा भएको साधारणसभामा सञ्चारकर्मी सहित १० जनालाई सम्मानित गरिएको थियो ।

साधारणसभामा सञ्चार कर्मी भीमसेन पौडेल, राजदेवी मावि का पूर्वप्रधानाध्यापक सानुकाजी पाण्डे, अपाङ्ग शेयर सदस्य अर्जुनप्रसाद घिमिरे, सुरेन्द्रबहादुर कार्की, बालसदस्य सिद्धार्थ अर्यालाई सम्मान गरिएको हो । नियमित बचतकर्ता ईन्द्रप्रसाद घिमिरे, असली कारोवारी रामप्रसाद चौलागाई, रामबहादुर मानन्धर, खुवुके बचतमा बढी रकम जम्मा गर्ने शशांक श्रेष्ठ र संस्कृति धमलालाई समेत सम्मान गरिएको थियो । साधारणसभामा संस्थाका अध्यक्ष न्यौपानेले संस्थागत प्रतिवेदन, सचिव श्यामलाल श्रेष्ठले प्रगति प्रतिवेदन, कोषाध्यक्ष कृष्णप्रसाद पराजुलीले आर्थिक प्रतिवेदन र लेखासंयोजक रमेशकुमार पराजुलीले लेखासमितिको प्रतिवेदन पेश गरेका थिए ।

साधारणसभामा हेटौंडा-१७ का वडाअध्यक्ष उद्धव सत्याल, राजदेवी दुग्ध उत्पादक सहकारीका अध्यक्ष रामप्रसाद तिमल्सिना, नमूना प्रगति सहकारीका व्यवस्थापक बद्री भण्डारी, अशोक सामुदायिक वनका अध्यक्ष रमेश राई, राजदेवी मावि व्यवस्थापन समिति अध्यक्ष डेकराज धमला, स्थानीय समाजसेवी कृष्णप्रसाद नेपाल, संस्था उपाध्यक्ष रामप्रसाद भट्ट लगायतको आतिथ्यता थियो ।

संस्थाले वार्षिकोत्सवको अवसरमा हेटौंडा-१७ गैरीगाउँमा रहेको श्रीमदभागवत् ज्ञानसञ्चार वृद्धाश्रममा रहेका वृद्धवृद्धालाई फलफूल तथा खाद्यान्न प्रदान गरेको सचिव श्रेष्ठले बताए । वृद्धाश्रममा ६ जना वृद्धवृद्धा छन् । संस्थाको शेयर पूँजी ६१ लाख ३० हजार निक्षेप ३ करोड ७७ लाख, ऋण लगानी ३ करोड ९५ लाख रहेको सहकारी संस्थामा ६ सय १३ जना शेयर सदस्य रहेको व्यवस्थापक हेमबहादुर कुँवरले बताए ।

राउण्ड टेबलद्वारा विद्यालयमा पोशाक सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, २० भदौ/जिल्लाको शैक्षिक तथा सामाजिक क्षेत्रमा सहयोग गर्ने उद्देश्यका साथ स्थापित राउण्ड टेबल नामक संस्थाले विद्यार्थीहरुको लागि विद्यालय पोशाक सहयोग गरेको छ ।

मकवानपुरगढी गाउँपालिका-५ स्थित श्री आधारभूत विद्यालयमा अध्ययनरत् १ सय १० विद्यार्थीको लागि विद्यालय पोशाक सहयोग गरिएको हो ।

संस्थाका तर्फबाट कार्यक्रम संयोजक रवी अग्रवाल र आनन्द सिंघलको समन्वयमा विद्यार्थीहरुलाई पोशाक वितरण गरिएको हो ।

मनहरी बचत सहकारीको कारोबार ६ करोड

साझाकुरा संवाददाता

हेटौंडा, २० भदौ/मनहरी गाउँपालिका-७ स्थित मनहरी बचत तथा ऋण सहकारी संस्थाले १५ औं वार्षिक साधारणसभा मंगलबार सम्पन्न गरेको छ ।

साधारणसभामा अधिकाँश बक्तालेे शुभकामना दिँदै संसारभर भइरहेको आर्थिक संकटका बेलामा समेत मनहरी बचत तथा ऋण सहकारी संस्थाले त्यसको प्रभाव नदेखिने गरी व्यवस्थापन गरेकामा प्रशंसा गरेका थिए ।

बढ्दो आर्थिक संकट र सहकारी संस्थाभित्र हुनेगरेका आर्थिक अपचलनका घटनाहरुबाट बचेर अघि बढ्न बक्ताहरुले सुझाव दिएका छन् । साधारणसभाका प्रमुख अतिथि मनहरी गाउँपालिका-७ का कार्यवाहक वडाध्यक्ष नवराज सुवेदीले गरिब र बिपन्न समुदायको आर्थिक समृद्धिका लागि सहकारीले गरेको योगदानको प्रशंसा गरे ।

कार्यक्रममा जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुरका बीरेन्द्रप्रसाद ढुंगाना, राष्ट्रिय सहकारी बैंकका रामेश्वर अर्याल, साना किसान कृषि सहकारी संस्था लिमिटेड मनहरीकी अध्यक्ष बिमला कार्की, बगलामुखी बचत तथा ऋण सहकारी संस्थाकी व्यवस्थापक कमला मैनाली, रमन्टार डिपाड बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष उमेश मुक्तान, मकवानपुर उद्योग वाणिज्य संघ पश्चिम क्षेत्र समितिका सभापति गणेशमान मानन्धर, रेडियो मनहरी एफएमका स्टेशन म्यानेजर शिवकुमार काशी लगायतले शुभकामना व्यक्त गरेका थिए ।

कार्यक्रममा अध्यक्ष बिष्णुप्रसाद भट्ट, सचिव बलराम बानियाँ, कोषाध्यक्ष नरहरि सुवेदी, लेखा समिति संयोजक शंकरप्रसाद कालाखेतीसहितले सहकारीको प्रतिवेदन प्रस्तुत गरेका थिए ।

सहकारीले १५ वर्षको अवधिमा आफ्नो कारोबार ६ करोड पुऱ्याएको हो । शेयरपुँजी ६५ लाख रुपैयाँ पुऱ्याएको छ । आर्थिक मन्दीका कारण ऋण असुलीमा असर परेकाले यस बर्ष ९ लाख रुपैयाँ मात्रै सहकारीले नाफा कमाएको जनाइएको छ ।

सहकारी अध्यक्ष भट्टको सभाध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष हरिशरण अर्यालले स्वागत मन्तव्य राखेका थिए । सचिव बानियाँले कार्यक्रम संचालन गरेका थिए ।

भूमिहीन सुकुम्बासी अव्यवस्थित बस्ती संघर्ष समिति गठन

साझाकुरा संवाददाता

हेटौंडा, २० भदौ/मकवानपुरका भूमिहीन सुकुम्बासी अव्यवस्थित बसोबासीले संघर्ष समिति गठन गरेका छन् । मकवानपुरमा रहेका भूमिहीन सुकुम्बासी क्षेत्रबहादुर मोक्तानको संयोजकत्वमा २१ सदस्यीय समिति गठन गरिएको हो ।

समितिको सहसंयोजक सूर्यबहादुर थोकर र सचिव सोमबहादुर योञ्जनलगायत रहेका छन् । वर्षौंदेखि भोगचलन गर्दै आएको आफ्नो जग्गा नापजाच गर्न दबाब दिनको लागि आफूहरुले समिति गठन गरेको संघर्ष समितिका संयोजक मोक्तानले बताए ।

नेपालको संविधानमा उल्लेखित जनताको मौलिक हकअधिकारको सुनिश्चितता, जनताप्रति उत्तरीदायी बनि स्थानीय सरकारको अधिकार कार्यान्वयन लगायतको मागहरु पूरा गर्न समिति गठन गरिएको उनले बताए । उनले आफूहरुले पालिकादेखि वडातहसम्म समिति गठन गरी ती मागहरु कार्यान्वयनका लागि संघर्ष गरिरहने बताए ।

ओमशान्तिमा श्रीकृष्णष्टमी

साझाकुरा संवाददाता

हेटौंडा २० भदौ/ब्रहमाकुमारी राजयोग सेवा केन्द्र हेटौंडाले व्यवस्थापन गरेको चिल्ड्रेन पार्कमा श्रीकृष्ण जन्माष्टमी कायक्रम सम्पन्न भएको छ । ब्रम्हकुमारी सुशिला दिदीको सभाध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशसभाका सभामुख भुवनकुमार पाठकको प्रमुख आतिथ्यता रहेको थियो ।

भैरबरोडस्थित पूजाहलमा सम्पन्न कार्यक्रममा सहायक प्रजिअ नेत्रप्रसाद शर्मा, नेपाली कांग्रेसका बागमती प्रदेश सभापति तथा प्रदेशसभा सदस्य इन्द्रबहादुर बानियाँ, समाजसेवी पूर्वकैंकर सुर्दशनप्रसाद अधिकार, सहसञ्चालीका ब्रम्हकुमारी रेक्ती, राजयोग प्रशिक्षक, स्ट्रेस ब्यवस्थापक, आमाघर सेवाआश्रमाका संरक्षक लगायतको उपस्थिति रहेको थियो ।

५ नम्बर वडामा हरिहर नारायण मन्दिर शिलान्यास

साझाकुरा संवाददाता

हेटौंडा, २० भदौ/हेटौंडा उपमहानगरपालिका-५ बुढमार्गमा हरिहर नारायण मन्दिरको शिलान्यास गरिएको छ । बागमती प्रदेश पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयको २० लाख रुपैयाँ सहयोगमा निर्माण हुने मन्दिरको बुधबार हेटौंडा उपमहानगरपालिका उपप्रमुख राजेश बानियाँले शिलान्यास गरेका हुन् ।

मन्दिरको शिलान्यास गर्दै बानियाँले धर्म, सस्कृति र परम्परा जोगाइराख्न सबै एकढिक्का भएर लाग्नुपर्ने बताए । उनले सबै धर्म, सस्कृति र चाडपर्वलाई समानरुपमा हेर्ने बानीको विकास हुनुपर्ने बताउँदै हरिहर मन्दिर निर्माणका लागि उपमहानगर र आफ्नो व्यक्तिगत तर्फबाट पूर्णरुपमा सहयोग गर्ने प्रतिबद्धता जनाए ।

शिलान्यास कार्यक्रममा हेटौंडा खानेपानी व्यवस्थापन बोर्डका अध्यक्ष प्रताप बिस्टले मन्दिरका लागि निशुल्क खानेपानीको व्यवस्था मिलाउने प्रतिबद्धता व्यक्त गरे । हरिहर नारायण मन्दिर निर्माण उपभोक्ता समितिका अध्यक्ष भीमसेन लामिछानेको अध्यक्षतामा भएको कार्यक्रममा ज्ञानदीप टोल विकास समितिका अध्यक्ष शालिग्राम चौलागाई, हेटौंडा उपमहानगरपालिका-५ का वडाध्यक्ष सुशील घिमिरेलगायतको उपस्थिति रहेको थियो ।

चुरेहिलका चिकित्सक आन्दोलित

साझाकुरा संवाददाता

हेटौंडा, २० भदौ/स्वास्थ्यकर्मीले तलब नपाएपछि हेटौंडाको चुरेहिल हस्पिटलको आकस्मिक सेवाबाहेक अन्य सेवा बन्द भएको छ । अस्पतालले चिकित्सकको तलब भत्ता नदिएको भन्दै उनीहरुले आन्दोलन सुरु गरेका हुन् । अस्पतालले वर्षौंदेखिको तलब र विभिन्न भत्ताहरु उपलब्ध नगर एकाले चिकित्सकहरुले सेवा ठप्प पारेको बताइएको छ ।

'विशेषज्ञ चिकित्सककै तलब र भत्ता रोकिएको छ, पटकपटक अनुरोध गर्दासमेत अस्पतालले नदिएपछि सेवा ठप्प पार्न बाध्य भएका हौं', एक चिकित्सकले गुनासो गरे । अस्पतालले कर्मचारी, स्वास्थ्यकर्मी तथा चिकित्सकको तलब तथा भत्ताबापतको लाखौं रकम दिन सकेकोछैन । जसका कारण चिकित्सकले अस्पतालको सेवा ठप्प पारेका छन् ।

लिलामसम्बन्धी सूचना

यस कम्पनीको परिसरमा रहेको कारखानाको कच्चा पर्दार्थहरु प्याक गरी आएको काठहरु तथा प्यालेटहरु जे जस्तो अवस्थामा रहेको छ सोहि अवस्था खरिद गर्न इच्छुक खरिदकर्ताहले तल उल्लेखित ठेगानामा ७ (सात) दिन भित्र सम्पर्क गर्न होला ।

NEEK Since1992

नेपाल इकरात इन्जिनियरिङ्ग कं. प्रा.लि.

हेटौंडा-११, थानाभञ्याङ

फोन नं. ०५७-५२०९९४ र ९३५

१० औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस प्रतिफल बचत तथा ऋण सहकारी संस्था लि. को १० औं वार्षिक साधारण सभा तथा चौथो अधिवेशन तपशिलमा उल्लेखित मिति समय र स्थानमा हुन गईरहेकोले अनिवार्य उपस्थिति को लागि अनुरोध गर्दछौं ।

तपशिल:

मिति: २०८० भाद्र २३ गते शनिबार

स्थान: बालकुमारी पार्टि प्यालेस, हेटौंडा-४

समय: विहान ८:३० बजे

(नोट:साधारण सभामा पासबुक सहित शेयर सदस्य स्वयम उपस्थित हुनुपर्ने छ । स्वयम सदस्यलाई मात्र यातायात खर्च उपलब्ध गराइनेछ ।)

प्रतिफल बचत तथा ऋण सहकारी संस्था लि.

हेटौंडा-२ मनकामना चोक

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादकः सरला खनाल, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रणः सफल छापाखाना